# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४५ | काठमाडौं | मंगलबार, १ वैशाख २०८३ | Prabhab National Daily | Tuesday, 14 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-



**लोकतन्त्र दिवस, २०८३**

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्ट्राचार र अन्यायका विरूद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं ।

सबल लोकतन्त्र, समृद्ध राष्ट् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हार्दिक शुभकामना**

**२०८३**

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रा पाठक, पत्रकार, लेखक/स्तम्भकार, कर्मचारी, विज्ञापनदाता, शुभेच्छुक एवं देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रभाव दैनिक**
तथा
**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**


# नयाँ वर्षमा नयाँ आशा

- २०८३ मा जनताले विकास र सुशासनको स्पष्ट अनुभूति गर्ने अपेक्षा
- वालेन्द्र सरकारका लागि परीक्षाः आशा पूरा गर्ने कि निराशा थप्ने ?
- वकिललाई सिंहदरबार प्रवेशमा कडाइ, निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन कटौती गर्ने, विद्यार्थी संगठनहरु खारेज गर्नेजस्ता कदमले प्रधानमन्त्री शाहलाई निरंकुश शासक बनाउनेतिर धकेलिरहेको छ, नयाँ वर्ष २०८३ मा उनले बाटो मोडून् ।

**■ जेबी योञ्जन**




**काठमाडौं–** आजदेखि विक्रम सम्वत्को पात्रो फेरिएको छ । वर्ष २०८२ लाई बिदाइसँगै २०८३ को आगमन भएको छ । नयाँ वर्ष पात्रो बद्लिने क्षणमात्र होइन, आशा, संकल्प र परिवर्तनको प्रतीक पनि हो । बितेको वर्ष राजनीतिमा अकल्पनीय उलटफेर भोगेका नेपाली जनताले नयाँ वर्ष २०८३ मा विकास र सुशासनको स्पष्ट अनुभूति गर्ने अपेक्षा गरेका छन् ।

जनताको आशाको केन्द्र बनेका प्रधानमन्त्री वालेन्द्र शाहबाट यी दुवै अपेक्षित पनि छन् । दुईतिहाइ नजिकको शक्तिशाली सरकारको नेतृत्व गरेको हुनाले उनले चाहँदा सम्भव पनि छ । जुन जेन-जी विद्रोह र चुनावबाट जनताले दिएको म्याण्डेट हो ।

यस वर्ष जनताले चाहेका छन्- राजनीति सत्ताकेन्द्रित नभई जनजीवन केन्द्रित होस् । देशभित्रै रोजगारी, स्वास्थ्य, शिक्षा, पूर्वाधार र सुशासनमा प्रत्यक्ष सुधार होस् । तीव्र विकास अब नारामा होइन, व्यवहारमा देखिनुपर्छ । सडक, विद्युत्, खानेपानीजस्ता आधारभूत आवश्यकतासँगै आर्थिक अवसरको विस्तारलाई सरकारले प्राथमिकता दिनुपर्छ । यो आम नेपालीको अपेक्षा हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार नेपाल विश्वको १०८औं भ्रष्ट देशमा पर्दछ । सार्वजनिक निकाय भ्रष्टहरूको केन्द्र बनेको छ । देशको ख्याती अन्तर्राष्ट्रियरूपमै गिरेको छ । यहीबेला शक्तिशाली सरकार गठन भएको हुनाले भ्रष्टाचारविरुद्ध आँखा चिम्लेर 'एक्सन'मा उत्रिनुपर्छ । अनुहार हेरेर नभई कसुर हेरेर कारबाही गर्नुपर्छ ।

शासकीय सुधारका लागि सार्वजनिक गरिएका १०० कार्यसूचीमा उल्लेख गरिएअनुसार शासकीय जिम्मेवारीमा रहेकाहरूको सम्पत्ति छानबिन गर्नुपर्छ । अकुत सम्पत्ति आर्जन गरेको फेला परे कानुनी कारबाही गर्नैपर्छ । तर, यसमा प्रधानमन्त्री शाह र उनका मन्त्रिपरिषद्का सदस्यहरूको अस्वाभाविक कुस्त सम्पत्तिको सत्यापन होस्, त्यसो भयो भने सरकारप्रतिको जनविश्वास बढ्ने छ ।

कर्मचारीतन्त्र जनताको सबैभन्दा ठूलो गुनासोको केन्द्र बनेको छ । सेवा प्रवाहमा ढिलासुस्ती, निर्णय प्रक्रियामा अनावश्यक जटिलता, उत्तरदायित्वको अभाव र भ्रष्टाचारका आरोप कर्मचारीतन्त्रप्रति छ । यी सबैले कर्मचारीतन्त्रप्रति जनविश्वास कमजोर बनाइरहेका छन् । नयाँ वर्ष २०८३ मा यस्तो विकृत प्रवृत्तिधारी कर्मचारीतन्त्रमा व्यापक सुधारको अपेक्षा जनताको छ ।

संघीयता कार्यान्वयन भएको दशक भइसक्यो तर सरकारले प्रदेशलाई कुनै सरकारले बलियो बनाएनन् । बरु आर्थिक बोझको केन्द्र बनाइयो । आवश्यक ऐन कानुन केही बनाइएन । जस्तोः प्रदेश प्रहरी समायोजन ऐन, निजामती कर्मचारी ऐनजस्ता थुप्रै ऐन प्रतिनिधिसभामै विचाराधीन छन् । यो वर्ष संघीयता कार्यान्वयनसम्बन्धी सबै ऐन बनून् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को झण्डै दुईतिहाइ बहुमत भएको प्रतिनिधिसभाबाट यी कानुनहरू यस वर्ष बनून् ।

सरकार गठनसँगै चालिएका कदमले प्रधानमन्त्री शाह निरंकुश बन्ने संशय प्रकट भइरहेको छ । जनताका प्रतिनिधिहरूको सार्वभौम थलो संसद्प्रति उनी अनुत्तरदायी हुने छाँट देखिएको छ । कार्यपालिकालाई नियन्त्रण र सन्तुलन गर्ने व्यवस्थापिकालाई बेवास्ता गर्नु शुभ संकेत होइन ।

क्रमशः पृष्ठ २ मा

## वर्ष २०८२ लाई फर्केर हेर्दा

**वैशाख १३:** पूर्वस्वास्थ्य राज्यमन्त्री एवं नेपाली कांग्रेस काठमाडौंका पूर्वसभापति तीर्थराम डंगोलको ७७ वर्षको उमेरमा निधन ।

**वैशाख १७:** पेसागत माग राखेर २९ दिनदेखि राजधानीकेन्द्रित सडक आन्दोलनमा उत्रेका शिक्षक तथा कर्मचारी र सरकारबीच नौ बुँदे सहमति ।

**वैशाख २३:** वामपन्थी नेता प्रदीप नेपालको ७१ वर्षको उमेरमा निधन ।

**जेठ ३:** सगरमाथा संवाद सम्पन्न, २५ बुँदे घोषणा ।

**जेठ ६:** नेपाल राष्ट्र बैंकको गभर्नरमा डा. विश्व पौडेल नियुक्त ।

**जेठ ७:** भिजिट भिसामा मानव तस्करी गरेको आरोपमा अध्यागमनका सहसचिव तीर्थराज भट्टराई प्रहरी नियन्त्रणमा ।

**जेठ १३:** पर्वतारोही कामिरिता शेर्पाद्वारा ३१औं पटक सगरमाथाको आरोहण गरी आफ्नै कीर्तिमानी भंग ।

**जेठ १५:** सरकारद्वारा आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत ।

**असार १:** नेपाल विद्युत् प्राधिकरणद्वारा बंगलादेश विद्युत् निर्यात सुरु ।

**असार २:** पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ढुण्डीराज शास्त्रीको ९० वर्षको उमेरमा निधन ।

**असार ५:** दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पुष्टि ।

**असार १०:** सरकारद्वारा भिजिट भिसा प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति गठन ।

**असार १५:** निजामती विधेयक प्रतिनिधिसभाबाट पारित ।

**असार २४:** नेपाल-चीन सीमानाका भएर बग्ने रसुवाको ल्हेन्देखोलामा अकस्मात् आएको बाढीमा परी नौ जनाको मृत्यु, १९ बेपत्ता ।

**साउन ९:** नेपाल सरकारद्वारा इरानको जेलमा थुनामा रहेका ४७ जना नेपाली महिलाको सकुशल उद्धार ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# आप्रवासन क्षेत्र सुधारका लागि नयाँ सरकारलाई इक्विडेमको सुझाव

**■ प्रभाव संवाददाता**

- वैदेशिक रोजगार ऐन, २०६४ लाई परिमार्जन गरी आप्रवासी श्रमिकको अधिकार स्पष्ट र सूचीबद्ध गर्नुपर्ने
- खाडीका देशहरूसँग द्विपक्षीय श्रम सम्झौता र समझदारीपत्र विस्तारलाई सुदृढ गर्न आग्रह
- महिलाहरूमाथि लगाइएका प्रतिबन्धलाई अधिकारमा आधारित सुरक्षा उपायले प्रतिस्थापन गर्नुपर्ने
- रोजगारीमा दुर्व्यवहार, शोषण, चोटपटक वा कठिनाइपूर्ण आप्रवासन अनुभव गरेका कामदारलाई संरक्षण र सहयोग दिनुपर्ने

**काठमाडौं–** आप्रवासन क्षेत्र सुधारका लागि नयाँ सरकारलाई मानवअधिकार तथा श्रमअधिकारको क्षेत्रमा कार्यरत संस्था इक्विडेमले विभिन्न सुझाव दिएको छ । संस्थाले श्रमअधिकारको संरक्षणका लागि सरकारले प्राथमिकतामा राख्नुपर्ने १० बुँदे सुझाव प्रस्तुत गर्दै सुधारको आह्वान गरेको छ ।

उक्त संस्थाले सर्वप्रथम वैदेशिक रोजगार ऐन, २०६४ लाई परिमार्जन गरी आप्रवासी श्रमिकको अधिकार स्पष्ट र सूचीबद्ध गर्नुपर्ने भनेको छ । जसअन्तर्गत श्रमिकले परिचयपत्र राख्न पाउने अधिकार, दुर्व्यवहाररहित तथा सुरक्षित वातावरण, उचित तलब, विश्राम र छुट्टी, रोजगारदाता परिवर्तन गर्ने, घर फर्कनेजस्ता विषयको सुनिश्चतता हुनुपर्ने औंल्याइएको छ । मानव तस्करीसम्बन्धी कानुन पर्याप्त नभएकाले यसलाई सशक्त बनाएर श्रम आप्रवासनभित्रको तस्करीमा स्पष्ट सम्बोधन गर्नुपर्ने सुझाव दिइएको छ ।

इक्विडेमले निजी रोजगार एजेन्सीसम्बन्धी आइएलओ सम्मेलन नम्बर १८१, घरेलु कामदारसम्बन्धी सम्मेलन १८९ र काममा हुने हिंसा र उत्पीडनसम्बन्धी सम्मेलन १९० लाई प्रमाणीकरण गर्न सुझाएको छ । यसले नेपालको कानुनी ढाँचा र अन्तर्राष्ट्रिय श्रम अभ्यास मेल खाने उल्लेख गर्दै कामदारको भर्ती र रोजगारीको चक्रभरि सुरक्षा बलियो बनाउने बताइएको छ ।


अर्को सुझावमा द्विपक्षीय श्रम सम्झौतालाई बलियो बनाएर कार्यान्वयन गर्न रहेको छ । विशेषगरी खाडीका देशहरूसँग द्विपक्षीय श्रम सम्झौता र समझदारीपत्र विस्तारलाई सुदृढ गर्न आग्रह गरिएको छ । सम्झौतामा नैतिक भर्ती, रोजगारदाताको जवाफदेहिता, प्रायोजकको अनुमतिविना रोजगारदाता परिवर्तन गर्ने अधिकार, पासपोर्ट कब्जामा राख्न नपाउने, न्यायको पहुँच र सामाजिक सुरक्षासम्बन्धी पालनायोग्य प्रावधान समावेश गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

उक्त संस्थाका अनुसार 'फ्रि-भिसा, फि-टिकट' को प्रावधानको प्रभावकारी कार्यान्वयन र भर्ना प्रक्रियालाई डिजिटल प्रणालीमार्फत गर्दा भर्नामा पारदर्शिता र जवाफदेहिता बढाउने उल्लेख गरेको छ । नियम उल्लंघन गर्ने संस्थालाई प्रतिबन्ध लगाउनुपर्ने भनिएको छ । वैधानिक या अवैधानिक जुनसुकै अवस्थामा भए पनि कामदारलाई कन्सुलर सेवा र श्रमअधिकार उल्लंघनको प्रभावकारी उजुरी प्रणालीमा पहुँच पुर्‍याउन अनुरोध गरिएको छ ।

महिलामाथि हुने भेदभावपूर्ण आप्रवासन प्रतिबन्ध हटाउनुपर्ने इक्विडेमको सुझाव छ । महिलाहरूमाथि लगाइएका प्रतिबन्धलाई अधिकारमा आधारित सुरक्षा उपायले प्रतिस्थापन गर्नुपर्ने भनिएको छ । संस्थाका अनुसार रोजगारीबाट फर्किएका महिलाहरूलाई पुनःएकीकरणको सुनिश्चितता गर्नुपर्छ । यसमा जीवनयापनका माध्यम, स्वास्थ्य सेवा तथा दीर्घकालीन सामाजिक सुरक्षा पहुँच समावेश हुनुपर्छ ।

श्रमिक भर्ना गर्ने संस्थाले अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने मानवअधिकार नीति अपनाएर सार्वजनिक गर्न, पहुँचयोग्य र प्रभावकारी उजुरी प्रणाली स्थापना गर्न र आफ्ना व्यवहारमा लैंगिक संवेदनशील सुरक्षा उपाय अनिवार्य गर्न सरकारलाई सुझाव दिइएको छ ।

क्रमशः पृष्ठ २ म

## पृष्ठ १ बाट क्रमशः

### नयाँ...

उनले प्रतिनिधिसभाको छ वटा बैठक बस्दा एकपटक सम्बोधन नगरेर संसद्प्रति जवाफदेही नबन्ने सन्देश दिए तर यो नयाँ वर्षमा सच्चाइसहित उनले संसद्को गरिमा र मर्यादालाई बढाउनेगरी कार्य गर्नुपर्छ । सिंहदरबार छिरेपछि निरंकुश बन्ने शासकका प्रवृत्ति उनीमा नदेखिऊन् । तर, वकिललाई सिंहदरबार प्रवेशमा कडाइ, निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन कटौती गर्ने, विद्यार्थी संगठनहरू खारेज गर्नेजस्ता कदमले उनलाई निरंकुश शासक बनाउनेतिर धकेलिरहेको छ । यो नयाँ वर्षमा उनले बाटो मोडून् ।

यसबाहेक ठेक्का लागेको वर्षौं पुग्दा पनि सडक, पुल, सार्वजनिक भवन निर्माणलगायत संरचनाहरू बनेका छैनन् । यही वर्षदेखि त्यस्ता ठेकेदारविरुद्ध सरकार एक्सनमा उत्रियोस् भन्ने जनअपेक्षा छ । शक्तिशाली सरकारले यही नयाँ वर्षमा जीर्ण बनेका देशभरका उद्योगहरूलाई पुनर्जीवन दिएर सञ्चालन गर्नुपर्छ । फेरि, औद्योगिक क्षेत्रमा देशलाई अग्रसर गराउनुपर्छ । औद्योगिक विकासविना देश समृद्ध र विकसित हुँदैन भन्ने तथ्यलाई सरकारले गहिरोसँग मनन् गर्नैपर्छ । त्यसो गरिँदा रोजगारीसमेत सिर्जना हुन्छ । देश आर्थिक समृद्धिको मार्गमा अघि बढ्छ ।

अन्ततः नयाँ वर्ष २०८३ वालेन्द्र सरकारका लागि परीक्षा पनि हो, आशा पूरा गर्ने कि निराशा थप्ने ? जनताले अब भाषण होइन, परिणाम खोजिरहेका छन् । शक्तिशाली सरकारसँग बहाना हुँदैन, परिणामको जिम्मेवारीमात्रै हुन्छ । यदि वालेन्द्र सरकारले यो वर्ष ठोस सुधार, सुशासन र विकासको अनुभूति दिलाउन सक्यो भने यो वर्ष ऐतिहासिक बन्न सक्छ । अन्यथा, यो पनि विगतका वर्षहरूजस्तै गुम्सिएको आशाको वर्ष बन्ने छ ।

■■■

### वर्ष २०८२...

**भदौ २३:** काठमाडौंमा जेन-जी पुस्ताले गरेको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु । प्रदर्शन हिंसात्मक भई ठूलो संख्यामा युवाको ज्यान गएपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकद्वारा पदबाट राजीनामा ।

**भदौ २४:** जेन-जी आन्दोलनमा १९ युवा मारिएको आक्रोशमा देशभर आगजनी र तोडफोड । संघीय संसद् भवन, राष्ट्रपति कार्यालयदेखि सरकारी कार्यालय, प्रहरी चौकीदेखि सिंहदरबारसम्म जलाइयो । भाटभटेनी सुपरमार्केट, हिल्टन होटल, चौधरी ग्रुपलगायत निजी क्षेत्रका भवन, सरकारी तथा निजी सवारीसाधनमा आगजनी । सुरक्षाकर्मीसहित थप युवाहरू मारिए । प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वारा सामूहिक राजीनामाको घोषणा ।

**भदौ २५:** ११ हजार ५०५ कैदी जेल फोडेर फरार ।

**भदौ २७:** राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त । प्रधानमन्त्रीको शपथग्रहणलगत्तै प्रतिनिधिसभा विघटनको सिफारिस । फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा । आठ राजनीतिक दलद्वारा प्रतिनिधिसभा विघटनप्रति असहमति ।

**भदौ ३०:** सरकारद्वारा भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा तथा सहिद परिवारलाई १५ लाख रूपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय ।

**असोज ५:** सरकारद्वारा भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनबारे उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन ।

**असोज ८:** पुनर्निर्माण र निर्वाचनमा सरकारको ध्यान, सरकारी खर्चमा व्यापक कटौती गर्ने निर्णय ।

**असोज १०:** राष्ट्रिय मानवअधिकार आयोगद्वारा भदौ २३ र २४ गतेको जेन-जी पुस्ताको प्रदर्शनका क्रममा भएको घटनाको अनुगमन प्रतिवेदन सार्वजनिक । सरकारद्वारा सेवानिवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका स्वीकृत मापदण्डबमोजिमबाहेकका सुविधा कटौती ।

**असोज १२:** भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका सन्दर्भमा जाँचबुझ एवं अध्ययन गर्न गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगद्वारा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउन पत्राचार ।

**असोज २१:** सरकारद्वारा असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय ।

**असोज २८:** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाद्वारा कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई प्रदान ।

**कातिक १:** जिल्ला प्रशासन काठमाडौंद्वारा विभिन्न स्थानमा दुई महिनासम्म भेला, प्रदर्शन, धर्ना र जुलुसजस्ता विरोधका कार्यक्रम गर्न निषेध घोषणा ।

**कातिक १२:** प्रतिनिधिसभा विघटन र सरकारविरुद्ध रिटमा अन्तरिम आदेश जारी गर्न सर्वोच्च अदालतद्वारा अस्वीकार ।

**कातिक १७:** सरकारद्वारा जेन-जी आन्दोलनका क्रममा काठमाडौंसहित विभिन्न जिल्लामा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा ।

**कातिक १९:** नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित १० वाम पार्टीबीच एकता घोषणा ।

**मंसिर ४:** राष्ट्रिय सुरक्षा परिषद् बैठकले फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्लाई सिफारिस ।

**मंसिर २५:** मन्त्रिपरिषद्बाट सरकार-जेन-जी सम्झौता अनुमोदन, प्रधानमन्त्री र जेन-जी प्रतिनिधिबीच भएको १० बुँदे सम्झौता राजपत्रमा प्रकाशित गर्ने निर्णय ।

**मंसिर २९:** सरकारद्वारा फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन सुनिश्चित गर्न विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन ।

**पुस ३:** नेकपा एमालेको ११औं अधिवेशनबाट अध्यक्ष पदमा पुनः केपी शर्मा ओली निर्वाचित ।

**पुस १३:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका प्रमुख वालेन्द्र शाहबीच सात बुँदे सहमति ।

**पुस १७:** नेपाली कांग्रेसको १५औं अधिवेशन स्थगित ।

**पुस १८:** नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदावधि २०८३ जेठ मसान्तसम्म थप्दै १५औं महाधिवेशन वैशाखमा गर्ने निर्णय ।

**पुस २०:** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको बयान ।

**पुस २६:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग एकता भएको १२ दिनमै छुट्टिएर पूर्वमन्त्री कुलमान घिसिङ उज्यालो नेपाल पार्टीको अध्यक्षको जिम्मेवारीमा ।

**पुस २७:** नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन सुरु ।

**माघ २:** निर्वाचन आयोगद्वारा नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिकता र आधिकारिक मान्यता प्रदान ।

**माघ ४:** नेपाली कांग्रेसको आन्तरिक विवाद अदालतमा प्रवेश ।

**फागुन २१:** मुलुकभर एकैसाथ शान्तिपूर्ण रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न ।

**चैत ११:** राष्ट्रपतिसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्यका रूपमा नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीको शपथ ।

**चैत १२:** प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीसमक्ष सांसदहरूको शपथ ।

**चैत १३ :** राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त, १५ सदस्यीय मन्त्रीमण्डल गठन ।

**चैत १४:** तत्कालीन पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा ।

**चैत २२:** प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल निर्वाचित ।

**चैत २६:** पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई हाजिर जमानीमा छाड्न अदालतको आदेश ।

**चैत २७:** राष्ट्रपति रामचन्द्र पौडेलबाट संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन ।

*(राससको सहयोगमा)*

■■■

### आप्रवासन क्षेत्र...

इक्विडेमले नेपालभित्र श्रम निरीक्षण र उजुरी व्यवस्थापनका लागि वित्तीय तथा मानव स्रोतहरू बढाउन पनि भनेको छ । त्यस्तै, वैदेशिक रोजगारीको तथ्यांक प्रणालीलाई मजबुत बनाउनुपर्ने भनिएको छ । पहुँचयोग्य तथ्यांकले भर्ना अभ्यास, श्रमिकको गुनासो, व्यावसायिक स्वास्थ्य र सुरक्षाको स्थिति तथा फर्किने आप्रवासन प्रवृत्तिलाई ट्र्याक गर्न सजिलो हुने भनिएको छ । वर्तमान तथ्यांकले श्रमिकमाथि हुने शोषणका खबरहरू लुकाउने गरेको जनाइएको छ ।

इक्विडेमले आप्रवासी कामदारको मृत्युको खबरको अनुसन्धान र उत्तरदायित्व सुनिश्चित गर्न पनि सुझाव दिएको छ । श्रमिकको मृत्युको अनुसन्धान गर्न स्वतन्त्र तथा प्रणालीगत संयन्त्र स्थापना गर्न आग्रह गरेको छ । श्रमिकहरू चरम तापक्रमका कारण ज्यान गुमाएको अवस्थामा पनि प्राकृतिक कारणले मृत्यु भएको भनी गलत वर्गीकरण गर्ने गरिएकाले यस विषयमा सरकार गम्भीर हुनुपर्ने भनेको छ ।

साथै, रोजगारीमा दुर्व्यवहार, शोषण, चोटपटक वा कठिनाइपूर्ण आप्रवासन अनुभव गरेका कामदारलाई संरक्षण र सहयोग दिनुपर्ने, मानसिक-सामाजिक सहायता प्रदान गर्ने, तलब नपाएका तथा अन्य अधिकारको उल्लंघन हुँदा दाबी गर्न कानुनी सहायता, पहुँचयोग्य कर्जाजस्ता विषय समावेश गरी पहुँचयोग्य पुनर्स्थापना प्रणाली स्थापना गर्नुपर्ने सुझाव सरकारलाई दिइएको छ ।

# बजेटमा दलित महिला तथा सीमान्तकृत बालबालिकाका मुद्दा समेट्न माग

**काठमाडौं (प्रस)–** दलित महिला संघ (फेडो) ले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रममा दलित महिला तथा सीमान्तकृत बालबालिकाका मुद्दा समेट्न सरकारसँग माग गरेको छ ।

संघले सोमबार महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीलाई भेटघाट गर्दै बजेट निर्माण गर्दा दलित महिलाका सामाजिक, आर्थिक तथा अधिकारसम्बन्धी सवाललाई प्राथमिकतामा राख्न आग्रह गरेको हो ।

फेडोकी महासचिव रेनु सिजापतिले दलित महिलालाई उद्यमी बनाउने उद्देश्यले दीर्घकालीन सीपमूलक तालिम तथा अनुदानको व्यवस्था गर्नुका साथै मन्त्रालयअन्तर्गत सञ्चालन हुने सबै कार्यक्रममा दलित महिला तथा किशोरीको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरिएको बताए ।

यसैगरी हिंसामा परेका तथा वैदेशिक रोजगारीबाट फर्किएका महिलाका लागि सुरक्षित आवास र रोजगारीमुखी तालिमको व्यवस्था गर्न आग्रह गरिएको छ । बालविवाह, छुवाछूत, बलात्कार जस्ता हानिकारक अभ्यासविरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्नुपर्नेमा पनि फेडोले जोड दिइएको छ ।

'यसका साथै प्रदेशस्तरमा दलित तथा सीमान्तकृत बालबालिकाको सञ्जाल गठन, नागरिकता वितरणमा सहजता, सेवा सुविधाको अध्ययन तथा अनुगमन र दलित महिलाको तथ्यांक संकलन गर्नुपर्ने मागसमेत राखिएको छ,' महासचिव सिजापतिले भने, 'नीति, बजेट तथा कार्यक्रममा दलित महिलाको सहभागिता अनिवार्य गर्दै लैंगिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न पनि मन्त्री वादीमार्फत सरकारसँग आग्रह गरेको छौं ।'

## समुद्री पहुँच र सम्बन्ध विस्तार गर्न परराष्ट्रमन्त्री खनालको जोड

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री शिशिर खनालले 'नवौं हिन्द महासागर सम्मेलन'ले नेपाललाई हिन्द महासागरसँग कूटनीतिक, आर्थिक र रणानीतिक सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको विश्वास व्यक्त गरेका छन् ।

मौरिससको पोर्ट लुइसमा यही चैत २८ देखि ३० गतेसम्म आयोजित उक्त सम्मेलनमा भाग लिई सोमबार स्वदेश फर्कने क्रममा उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा त्यस्तो बताएका हुन् । मन्त्री खनालले सम्मेलनमा आफूले नियममा आधारित समुद्री सुशासन, जलवायु परिवर्तनका चुनौतीको साझा समाधान तथा दिगो र लचिलो विकासका लागि समन्य र साझा प्रयासको आवश्यकतामाथि जोड दिएको बताए ।

उनले भूपरिवेष्ठित मुलुकका रूपमा नेपालका विशिष्ट सरोकारका विषयलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष स्पष्ट रूपमा प्रस्तुत गर्दै समुद्री पहुँच र सम्बन्ध विस्तारमा क्षेत्रीय सहकार्य र साझेदारी विकासका विषयलाई प्राथमिकताका साथ राख्नुपर्ने विषय औंल्याएको अवगत गराए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५/०९/१७ मा दर्ता भएको **प्रा. लि. नं. ५९०७२** को **नेपाल गोल्डेन पावर सोलुसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**
यस कार्यालयमा मिति २०७६/०९/२४ मा दर्ता भएको प्रा.लि.नं. २३२२४९ को **कुवेर सनी एग्रो रिसर्च कृषि सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८२/१२/२४ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' वमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मितिः २०७७/०८/१० मा दर्ता भएको प्रा.लि.नं. २४८०४५ को **चिलुवाल ईन्जिनियरिङ्ग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
**कम्पनी दर्ता खारेजी सम्बन्धमा हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७७/०४/२७ मा दर्ता भएको **टेक्निकल रिभोलुसन नेपाल प्राइभेट लिमिटेड** (प्रा.लि.नं.२४०४९४) नामक कम्पनीले दर्ता खारेजी गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | हर्षोल्लासको माहोल रहनेछ । सूर्यदेवको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृष** | घुमफिरका माहोल बन्नेछन् । गणेश भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **मिथुन** | मिष्ठान्न भोजनको अवसर मिल्नेछ । लक्ष्मी माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **कर्कट** | मन तृप्त रहने योग रहेको छ । भगवान चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **सिंह** | साथिभाइसङ्ग रमाइलो भेटघाट हुनेछ । हनुमान चालिसाको पाठ गरि अघि बढ्नुहोला । |
| **कन्या** | पारिवारिक माहोल राम्रो हुनेछ । नारायण नामको पाठ गरेमा राम्रो हुनेछ । |
| **तुला** | सामाजिक प्रतिष्ठा बढ्ने योग रहेको छ । भगवान रामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | सन्तान सुख प्राप्त हुनेछ । वैद्यनाथ भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **धनु** | मित्रजनको साथ रहला। भगवान श्रीकृष्ण भगवानको स्तुति गान गर्नुहोला। |
| **मकर** | दौडधुप बढ्ने योग रहेको छ । महादेवको स्मरण गरि दिनको सुरुवात गर्नुहोला । |
| **कुम्भ** | भाग्यले साथ दिनेछ । सिद्धिविनायकको स्तुति गरि अघि बढ्नुहोला । |
| **मीन** | गलत निर्णय लिनबाट जोगिनुहोला । राधा नाम जप गरि दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ वैशाख, २०८३ (१४ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.०७ | १४८.६७ |
| युरो | १ को | १७३.५४ | १७४.२४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.३३ | २००.१४ |
| स्विस फ्रैन्क | १ को | १८७.६३ | १८८.३९ |
| अस्ट्रेलियन डलर | १ को | १०४.५७ | १०४.९९ |
| क्यानाडियन डलर | १ को | १०६.९८ | १०७.४१ |
| सिङगापुर डलर | १ को | ११६.२३ | ११६.७० |
| जापानी येन | १० को | ९.३० | ९.३३ |
| चिनियाँ युआन | १ को | २१.६९ | २१.७७ |
| साउदी अरब रियाल | १ को | ३९.४६ | ३९.६२ |
| कतारी रियाल | १ को | ४०.६२ | ४०.७८ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.३१ | ४०.४७ |
| मलेसियन रिङेट | १ को | ३७.३४ | ३७.५० |
| दक्षिण कोरियन वन | १०० को | ९.९७ | १०.०१ |
| स्विडिस क्रोनर | १ को | १५.९८ | १६.०५ |
| डेनिस क्रोनर | १ को | २३.२३ | २३.३३ |
| हङकङ डलर | १ को | १८.९१ | १८.९८ |
| कुवेती दिनार | १ को | ४८३.२६ | ४८५.२२ |
| बहराइन दिनार | १ को | ३९२.७६ | ३९४.३५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**सूर्यास्त ।** काठमाडौंको टेकुस्थित पचली भैरव क्षेत्रबाट सोमबार देखिएको सूर्यास्तको मनमोहक दृश्य । *तस्विरः रासस*

विद्यालयलाई शिक्षा मन्त्रालयको निर्देशन-

# छात्रवृत्ति विवरण सार्वजनिक गर्नू

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी तथा सार्वजनिक विद्यालयलाई नियमबमोजिम प्रदान गरिएका छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावलीबमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिएबमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोधसमेत गरेको छ ।




अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिएबमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।

शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघटाई गरिब, अपांगता भएका, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ भन्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुरूप सम्पूर्ण विद्यालयहरूले तोकिएबमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारित विधिबाट छनोट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली तत्काल अध्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको हो ।

यसैगरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुनेगरी विद्यालयले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउन आग्रह गरिएको छ । साथै, नियमानुसार छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरणका लागि अनुरोधसमेत गरेको छ ।

# जर्मन फोटोग्राफर वाल्कुजको फोटो प्रदर्शनी सुरु

**काठमाडौं (प्रस)–** ललितपुरस्थित पाटन दरबार परिसरमा जर्मनीका प्रख्यात फोटोग्राफर आन्द्रेज वाल्कुजको मानवीय संवेदनायुक्त फोटो प्रदर्शनी सोमबारदेखि सुरु भएको छ ।

विश्वभरका मानव मुहारको गहिराइ, भावना र सत्यतालाई कैद गर्ने वाल्कुजको 'बाबेल' शीर्षकको श्यामश्वेत फोटो प्रदर्शनी नेपालका लागि जर्मनीका राजदूत उडो युगेन भोल्जले सोमबार पाटन दरबार परिसरमा उद्घाटन गरे । नेपालमा जर्मन फोटोग्राफरको फोटो प्रदर्शनी हेर्न पाउनु खुसीको कुरा भएको राजदूत भोल्जले बताए ।



उनले भने, 'उहाँले खिच्नुभएको फोटोहरूमा उहाँको आफ्नै कलात्मकपन देखिन्छ, तपाईंहरूले हेरेपछि देख्नुहुन्छ कि कस्तो तरिकाले उहाँले मानिसका भावहरू फोटोमा उतार्नुभएको छ ।'

फोटोग्राफर वाल्कुजलाई नेपालको फोटो छ कि छैन भनेर राजदूतले गरेको प्रश्नमा वाल्कुजले नेपाल निकै सुन्दर र रंगीन रहेको बताउँदै ती फोटोहरू अर्कोपटक रंगीन तस्बिरसहित प्रदर्शन गर्ने प्रतिबद्धता जनाए ।

वरिष्ठ कलाकार तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति किरण मानन्धरले वाल्कुजका फोटोका भावहरू निकै गहन रहेको औंल्याए । पोट्रेट तर श्यामश्वेत फोटोहरूको आफ्नै कलात्मक महत्त्व रहेको भन्दै उनले विगतमा जर्मन पुगेर त्यहाँ आफूले पनि कला प्रदर्शनी गरेको स्मरण गरे ।

फोटोग्राफर वाल्कुजले आफूले जीवनभर मानिसहरू, संस्कृति र कथाहरू अवलोकन गरेर यी फोटोहरू फ्रेममा उतार्न सफल भएको बताए । ललितकला गुठीको आयोजनामा सुरु भएको उक्त फोटो प्रदर्शनी आगामी वैशाख ५ गतेसम्म जारी रहने छ । *रासस*

# जैविक विविधता रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन आगामी वैशाख ४ देखि

**काठमाडौं (प्रस)–** जलवायु परिवर्तनको असर न्यूनीकरण तथा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले आगामी वैशाख ४ देखि ६ गतेसम्म नेपालमा हुने 'जैविक विविधता रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन' हुने भएको छ । सो सम्मेलनमा नेपाल, भारत, भुटान, बंगलादेश, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया र जर्मनीले सहभागिता जनाउने भएका छन् ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको आयोजनामा खोटाङको दिक्तेल बजारमा हुने उक्त सम्मेलनमा कोशी प्रदेश सरकार, वन्यजन्तु विभाग, वन तथा भूसंरक्षण विभाग, रेडपाण्डा नेटवर्कलगायत संघसंस्थाको समन्वय र सहकार्य रहने छ ।

विश्वमा जलवायु परिवर्तनमा आएको परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता संकटमा परेको अवस्थामा नेपालमा हुने सम्मेलनले आवश्यक राष्ट्रिय नीति निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै स्थानीय तहदेखि नै संरक्षण गर्नुपर्ने सन्देश प्रवाह गर्ने नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए । सम्मेलनमा अन्तर्राष्ट्रिय तहबाट अन्य २३ मुलुकले सहभागिताका लागि प्रतिबद्धता जनाएको भए पनि मध्यपूर्वको युद्धका कारण सहभागी हुन नसक्ने पत्राचार गरेको उनले बताए ।

सम्मेलनमा सहभागी मुलुकका प्रतिनिधिले १० वटा विषयगत कार्यपत्र प्रस्तुत गर्ने कार्यसूची छ । सरकारको सय वटा पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यस्थलका रूपमा पर्दछ । करिब १०७ किलोमिटर लामो दूरीको पदमार्गको स्तरोन्नतिमा तीनवटै तहका सरकारको करोडौं लगानीसमेत भइसकेको छ । यसको नजिकको जंगलमा रेडपाण्डा पाइने भएकाले रेडपाण्डा-थार पदमार्ग प्रवर्द्धन गर्ने नगरपालिकाको योजना छ ।

स्थानीय स्रोतको परिचालन गर्दै देश विकास गर्न सकिने सन्देश प्रवाह गर्न बाँस सम्मेलन सम्पन्न गरेको नगरपालिकाले स्थानीय स्वरोजगार, स्थानीय सीप र रैथाने सामग्रीको प्रवर्द्धनसमेत सम्मेलनमा गर्ने जनाएको छ । उक्त नगरपालिका-१० पाथेका र केपिलासगढी गाउँपालिका-१ फेदीमा समुदायमा आधारित रेडपाण्डा संरक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

# दुर्घटना न्यूनीकरण गर्न सचेतना अभियान

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीको बढ्दो सवारी चाप र सडक दुर्घटनाका चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले सोमबार यहाँ सडक दुर्घटना न्यूनीकरणसम्बन्धी नागरिक सुनुवाइ तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

पञ्चकुमारी समाज, सिनामंगल काठमाडौंको आयोजना तथा प्रहरी वृत्त गौशाला र ट्राफिक प्रहरी प्रभाग एयरपोर्टको सहकार्यमा आयोजित 'सभ्य नागरिकको चिनारी, सडक दुर्घटना न्यूनीकरण हामी सबैको जिम्मेवारी' विषयक नागरिक सुनुवाइ तथा नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको हो ।



उक्त कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदी, प्रहरी वृत्त गौशालाका प्रमुख प्रकाश श्रीमल, काठमाडौं महानगरपालिका-९ की वडासदस्य सृजना भेटवाल, स्थानीय जनप्रतिनिधि, यातायात व्यवसायी, सवारी चालक, समाजसेवी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता थियो ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुवेदीले सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी निरन्तर रूपमा खटिइरहेकाले नागरिक स्तरबाट पनि सडक दुर्घटना न्यूनीकरणमा आवश्यक सहयोगको आवश्यकता रहेको बताए । उनले दुर्घटना न्यूनीकरण केवल ट्राफिक प्रहरीकोमात्र दायित्व नभई चालक, यात्रु, व्यवसायी र आमनागरिक सबैको साझा जिम्मेवारी भएकामा जोड दिँदै भने, 'हामी हाम्रो तर्फबाट अहोरात्र खटिएका छौं, तर यस अभियानलाई सफल बनाउन सबै पक्षको सक्रिय सहयोग अपरिहार्य छ ।'

यसैगरी, उनले जथाभावी सवारी रोक्ने, अव्यवस्थित रूपमा यात्रु चढाउने-ओराल्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाएको उल्लेख गर्दै तोकिएका स्थानबाट मात्र सेवा सञ्चालन गर्न आग्रह गरे ।

कार्यक्रममा काठमाडौं महानगरपालिका-९ की वडाध्यक्ष भेटवालले सडक दुर्घटना न्यूनीकरणका लागि वडा कार्यालय लागिपरेको र सडकहरूमा सिसी क्यामरा जडानका लागि आवश्य गृहकार्य भइरहेको जानकारी दिँदै सडकमा जथाभावी गरिने पर्किङलाई हटाएर सवारी सञ्चालनलाई व्यवस्थित बनाउनुपर्ने धारणा राखिन् ।

उनले भनिन्, 'सडक दुर्घटना न्यूनीकरणका लागि वडा कार्यालय लागिपरेको छ । सडकहरूमा सिसी क्यामरा जडान गर्न आवश्यक गृहकार्य भइरहेको छ । जथाभावी सडकमा गरिने पार्किङ पनि हटाउछौं । सडक सुरक्षा सुधारका लागि स्थानीय तह सधैं सकारात्मक छ ।'

प्रहरी वृत्त गौशालाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमलले सडक दुर्घटना न्यूनीकरणमा चालकहरूलाई विशेष जिम्मेवार हुने बताउँदै नियम पालना र सचेतनामा जोड दिनुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'सडक दुर्घटना न्यूनीकरणका लागि सबै पक्षको सहकार्य आवश्यक छ, चालकहरूलाई विशेष जिम्मेवार हुनु आवश्यक छ । सडक दुर्घटना न्यूनीकरण गर्न हामी पूर्णरूपमा लागिपरेका छौं ।'

अन्तरक्रियाका क्रममा सहभागी यातायात व्यवसायीहरूले ट्राफिक प्रहरीको व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्दै जथाभावी चिट काट्ने, अनावश्यक रूपमा दुःख दिने तथा व्यवहारमैत्री सेवा नपाएको गुनासो गरेका थिए ।

ट्राफिक प्रहरी उपरीक्षक सुवेदीले नियम उल्लंघन नियन्त्रणका लागि कडाइ आवश्यक भए पनि सेवामुखी र सहजीकरणात्मक व्यवहारलाई प्राथमिकता दिइने प्रतिबद्धता जनाएका थिए । कार्यक्रमले ट्राफिक व्यवस्थापनमा देखिएका समस्या, चुनौती र समाधानका उपायबारे खुला छलफल गर्ने अवसर प्रदान गरेको सहभागीहरूले बताएका छन् ।

ट्राफिक प्रहरी प्रभाग एयरपोर्टका प्रमुख एवं प्रहरी निरीक्षक लोकेन्द्र मल्लले सडकमा खटिँदा ट्राफिक प्रहरीले भोग्नुपरेका विषयमा जानकारी दिनाका साथै सडक दुर्घटना न्यूनीकरणका विषयमा आफ्ना धारणा राखेका थिए ।

# स्रस्टाहरूको जोडः स्थिरता र विकास

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार बैरागी काइँलालगायत लोकतान्त्रिक जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेका स्रस्टाहरूले मुलुकमा फेरि आन्दोलन नहुनेगरी काम गरिनुपर्नेमा जोड दिएका छन् ।

'स्रस्टा चैत ३०' द्वारा आयोजित 'आन्दोलन, रूपान्तरण र सिर्जनात्मक हस्ताक्षेप' विषयक विमर्श कार्यक्रममा सोमबार उनीहरूले राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनदेखि पछिल्लो आन्दोलनसम्म साहित्यकारहरूको कुनै न कुनै रूपमा भूमिका रहेको उल्लेख गर्दै अब मुलुकले स्थिरता र विकास हासिल गर्नुपर्नेमा जोड दिए ।

पूर्वकुलपति काइँलाले परिवर्तनका लागि आन्दोलित हुन सफल रहे पनि परिवर्तनपछि स्रस्टाहरूको दुरावस्था भएको उल्लेख गर्दै मुलुकले पनि सोचेजस्तो काँचुली फेर्न नसकेकाले पछिल्लो जेन-जी आन्दोलन भएको टिप्पणी गरे । उनले राजनीतिक परिवर्तन भए पनि समाजको सांस्कृतिक र आन्तरिक संरचनामा परिवर्तन भई जनता समृद्ध हुनुपर्ने बताए ।

वरिष्ठ साहित्यकार डा. तुल्सीप्रसाद भट्टराईले आम नागरिकमा समस्या पहिचान गरेर सृजनामा लाग्न स्रस्टाहरूले उत्तिकै सक्रियता देखाउनुपर्ने बताए । कार्यक्रममा प्रा.डा. रमेशप्रसाद भट्टराई, कृष्ण धरावासी र हंसावती कुर्मीले साहित्यिक आन्दोलनको ऐतिहासिक पक्ष केलाउँदै राजनीतिक दल र सत्तामा पुग्ने शक्तिले जनताका मुद्दालाई छाडेमा साहित्यिक क्षेत्रले निरन्तर खबरदारी गर्नुपर्ने बताए ।

आयोजक 'स्रस्टा चैत्र ३० ' अध्यक्ष मनोज न्यौपानेले नागरिक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका लागि स्रस्टाहरूले निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गरे ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षमन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(प्रशासन योजनातथा संस्थादर्ता शाखा)

**शाखा कार्यालय बन्द गरिएको सम्बन्धी सूचना !**

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त संस्था **Nabil Overseas Pvt. Ltd.** को शाखा कार्यालय झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं.१ मा शाखा कार्यालय खोली सञ्चालन गर्न र उक्त शाखाको प्रमुखको रूपमा झापा जिल्ला बुद्धशान्ती गा.पा. वडा नं.४ बस्ने श्री तुमिहाङ योङहाङलाई नियुक्त गर्न स्वीकृति प्रदान गर्ने भनी यस विभागको मिति २०७९/०९/२८ मा निर्णय भई शाखा कार्यालयबाट भएका सम्पूर्ण काम, कार्वाहीको आर्थिक कारोबार समेत सम्बन्धित शाखा कार्यालयबाटै सञ्चालन गर्दै आएकोमा आजको मितिदेखि उक्त शाखा कार्यालय बन्द गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।



**ललितपुर महानगरपालिका १५ नं. वडा कार्यालयको संधियारको नाममा जारी ३५ दिने सूचना**

यस ललितपुर महानगरपालिका वडा नं. १५ साविक ५ भ' खुमलटार कित्ता नं. ९८२ को क्षेत्रफल ०-४-०-२ को जग्गामा जग्गाधनी ल.पु. म.न.पा.वडा नं १५ बस्ने सरिता आचार्य घिमिरेले नयाँ घर निर्माणको लागि नाक्सापास गर्न निवेदन पेश हुन आएकोमा संधियारको नाममा मिति २०८२/१२/१२ मा जारी भएको १५ दिने सूचना बुझाउन जाँदा र सर्जमीन गर्न जाँदा उक्त कित्ताको जग्गाको उत्तर तर्फको कि नं. ९९२ को संधियार दिनेश न्यौपाने संग भेट हुन नसकेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सम्बन्धित सधियार आफै वा कानुन बमोजिम वारेसले उक्त सूचना बमोजिम पिर मर्का सन्धी सर्पण पर्ने भए यस कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ । तोकिएको म्याद भित्र सम्पर्क राख्न नआएमा कानून बमोजिम नक्सापास प्रकृया अगाडी बढी जाने व्यहोरा समेत जानकारी गराइन्छ ।



**बिमालेख हरायो**

मिति २०८२/१०/१५ गते कुसुन्तीदेखि कलंकीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : प्रेमलता मुडभरी**
**ठेगाना : कुसुन्ती, ललितपुर**
**बिमालेख नं.: ११०००७६७०**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१६९०३५३**



**मलेसियामा रोजगार** कम्पनी : RASHID AZLAN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 331643 | चलानी नं. ६०२५०७५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 17 | 0 | 1700 | ६३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ८ गते (21th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD.** (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



**बिमालेख हरायो**

मिति २०८२/१०/०३ गते काठमाडौं, चावहिलदेखि कोटेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : कल्पना काफ्ले (लुइटेल)**
**ठेगाना : काठमाडौं-६, काठमाडौं**
**बिमालेख नं.: ११००२८६२१**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१३०५३६०**



**मलेसियामा रोजगार** कम्पनी : PACK ASIA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340567 | चलानी नं. ६०२५३९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Machine | 14 | 0 | 1700 | ६३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : M & R INTEGRATED SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340566 | चलानी नं. ६०२५३९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator/Machinist | 20 | 0 | 1700 | ६३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ८ गते (21st April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## २०८३: पद्धति र परिणामको वर्ष

**मुलुकको राजनीतिक इतिहासमा वर्ष २०८२ एउटा 'ब्रेक थ्रु' वर्षका रूपमा दर्ज भएको छ। दशकौंदेखि एउटै चक्रमा घुमिरहेको राजनीतिलाई भदौ २३ र २४ गतेको जेन–जी विद्रोहले नयाँ शिराबाट अघि बढाउने हस्तक्षेपकारी भूमिकामात्र निर्वाह गरेन, वर्षको अन्त्यतिर प्राप्त स्पष्ट जनादेशले मुलुकलाई अस्थिरताको सुरुङबाट बाहिर निकालेको छ। यो परिवर्तन केवल पात्रहरूको फेरबदलमात्र नभई नयाँ कार्यशैली र सोचको उदय पनि हो। अब भित्रिएको नयाँ वर्ष २०८३ लाई यो ऐतिहासिक परिवर्तनलाई संस्थागत गर्ने र सुशासनको जग बसाल्ने 'संकल्प वर्ष' का रूपमा लिनु आवश्यक छ।**

**विगतको वर्षले हामीलाई केही कठोर पाठ सिकाएको छ। भदौको त्यो विद्रोह र त्यसमा भएको मानवीय एवं भौतिक क्षतिले राज्य संयन्त्र जब जनभावनाभन्दा टाढा पुग्छ, तब परिणाम कति पीडादायी हुन्छ भन्ने पुष्टि गर्‍यो। तर, सोही विद्रोहको जगमा भएको निर्वाचन र त्यसबाट प्राप्त झण्डै दुईतिहाइको स्पष्ट बहुमतले नेपाली जनता स्थिरता र समृद्धिका लागि कति भोका छन् भन्ने पनि देखाएको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारका अगाडि अब जनआकांक्षाको पहाड छ। त्यसैले, २०८३ को पहिलो संकल्प 'परिणाममुखी सुशासन' हुनुपर्छ।**

**चुनावी वाचापत्रबमोजिम सरकारले अघि सारेका १०० कार्यसूचीको कार्यान्वयन यस वर्षको मुख्य कसी हुने छ। विगतमा जस्तो कूटनीतिक मर्यादा उल्लंघन हुनेगरी राजदूतहरूसँगको एक्लाएक्लै भेटघाटलाई निरुत्साहित गर्दै सामूहिक र संस्थागत सम्बन्ध विस्तार गर्ने जुन सुरुहात भएको छ, त्यसले राष्ट्रिय स्वाभिमानको नयाँ मानक स्थापित गरेको छ। यो पद्धतिलाई राज्यका अन्य अंगमा पनि विस्तार गर्नु २०८३ को अर्को महत्त्वपूर्ण कार्यभार हो।**

**राजनीतिकरूपमा हेर्दा, पुराना दलहरूभित्रको मन्थन र पुस्तान्तरणको बहसले लोकतन्त्रलाई नै परिपक्व बनाउने छ। नेपाली कांग्रेसमा देखिएको वैचारिक बदलाव र एमालेभित्र चर्किएको पुस्तान्तरणको बहसले अन्ततः विचारमा आधारित राजनीतिक प्रतिस्पर्धालाई बल पुर्‍याउने छ। नयाँ सरकारले जति छिटो डेलिभरी दिन सक्छ, पुराना दलहरूलाई त्यति नै चाँडो सच्चिने दबाब पुग्ने छ।**

**२०८३ केवल क्यालेण्डर परिवर्तनको वर्ष हुनु हुँदैन। नयाँ जनादेशबाट बनेको शक्तिशाली सरकारले राज्य संयन्त्रको प्रणालीगत सुधार गरी नागरिकमा आशा जगाउने वर्ष बनाउनुपर्छ। जलवायु परिवर्तनका मुद्दामा 'सगरमाथा संवाद' मार्फत विश्वलाई दिएको सन्देश र आन्तरिक रूपमा सुरु भएको भ्रष्टाचार विरोधी अभियानलाई तार्किक निष्कर्षमा पुर्‍याउनु नै यो वर्षको वास्तविक संकल्प हुने छ। हिजोका गल्तीहरू नदोहोर्‍याउने प्रतिबद्धता र भोलिको समृद्धिको स्पष्ट खाकासहित अघि बढ्न सकेमात्र वर्ष २०८२ को जेन–जी विद्रोहले ल्याएको परिवर्तन सार्थक हुने छ।**

**नयाँ वर्ष २०८३ को सबैमा शुभकामना !**

# आर्टेमिस–२ ले सम्झाएको साहस



❑ डा. परशुराम दाहाल

संयुक्त राज्य अमेरिकाले मानवसहितको चन्द्र अभियानतर्फ ऐतिहासिक सफलता हासिल गरेको छ। अमेरिकी अन्तरिक्ष संस्था नासाले सञ्चालन गरेको आर्टेमिस-२ अभियान सन् २०२६ अप्रिल १ मा फ्लोरिडास्थित केनेडी अन्तरिक्ष केन्द्रबाट सफलतापूर्वक प्रक्षेपण गरेको थियो र अब यो मिसन सुरक्षितरूपमा पूरा भएको छ। स्पेस लन्च सिस्टम (एसएलएस) नामको अत्यन्त शक्तिशाली रकेटले ओरायन नामक मानव बोकेको क्याप्सुललाई पृथ्वीको गुरुत्वाकर्षण प्रभावबाट माथि उठाएर अन्तरिक्षतर्फ पठाएको थियो, जसले चन्द्रमातर्फको यात्रालाई सफल सुरुआत दिएको थियो।

आर्टेमिस-२ चन्द्रमामा अवतरण गर्ने अभियान थिएन, तर मानिसलाई चन्द्रमाको नजिकसम्म पुर्‍याएर सुरक्षितरूपमा पृथ्वीमा फर्काउने उद्देश्य बोकेको एक अत्यन्त महत्त्वपूर्ण परीक्षण अभियान थियो। यस अभियानमा चार जना अन्तरिक्षयात्री सहभागी थिए- रिड वाइजम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी हेन्सन। क्रिस्टिना कोच यस टोलीकी एकमात्र महिला थिइन् भने अरू तीन जना पुरुष थिए। जेरेमी हेन्सन क्यानडाका अन्तरिक्षयात्री भएकाले यो अभियान अन्तर्राष्ट्रिय सहकार्यको पनि सुन्दर उदाहरण बनेको छ।

> आर्टेमिस-२ चन्द्रमाको कक्षामा लामो समय बस्ने अभियान थिएन। यो चन्द्रमाको नजिक पुग्यो। त्यसको गुरूत्वाकर्षणको सहारा लियो र फेरि पृथ्वीतर्फ फर्कियो। चन्द्रमाको पछाडिपट्टि पुगेका बेला केही समय पृथ्वीसँग सम्पर्क टुटेको थियो किनकि चन्द्रमाले संकेत छेकेको थियो। त्यसपछि यानले पुनः पृथ्वी फर्किने बाटो समात्यो, र साना इञ्जिनहरु प्रयोग गरेर आफ्नो मार्गलाई आवश्यकताअनुसार मिलाउँदै आयो। यही सूक्ष्म नियन्त्रणले यानलाई पृथ्वीको वायुमण्डलमा सही कोणबाट प्रवेश गरायो।

यो यात्राको सम्पूर्ण योजना अत्यन्त सावधानीपूर्वक बनाइएको थियो र त्यसले आफ्नो उद्देश्य सफलतापूर्वक पूरा गर्‍यो। प्रक्षेपणपछि अन्तरिक्षयानले पृथ्वी वरिपरि आफ्नो बाटो मिलायो, त्यसपछि मुख्य इञ्जिनको सहायताले चन्द्रमातर्फ प्रस्थान गर्‍यो। फर्किने क्रममा भने पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षणलाई कुशलतापूर्वक उपयोग गर्ने गरी बनाइएको उडान-पथकै कारण यान स्वाभाविक रूपमा पृथ्वीतर्फ फर्कियो। यही वैज्ञानिक योजना र सूक्ष्म गणनाले यो मिसनलाई सफल अवतरणसम्म पुर्‍यायो।

नासाका विवरणअनुसार आर्टेमिस-२ ले ६ अप्रिल, २०२६ मा चन्द्रमाको सबैभन्दा नजिकको चरण पार गरेको थियो। यही क्रममा यसले मानवसहितको अन्तरिक्ष उडानमा पृथ्वीबाट सबैभन्दा टाढा पुग्ने नयाँ कीर्तिमान कायम गर्‍यो। यसअघि अपोलो-१३ ले बनाएको पुरानो कीर्तिमानलाई यसले तोड्यो। ओरायन क्याप्सुल चन्द्रमाको सतहबाट करिब चार हजार ६७ माइल नजिकबाट गुज्रिएको थियो र त्यसबेला पृथ्वीबाट यसको दूरी करिब दुई लाख ५२ हजार ७६० माइल पुगेको थियो। यस उपलब्धिले मानव अन्तरिक्ष यात्राको इतिहासमा नयाँ अध्याय थपेको छ।

गतिको दृष्टिले पनि यो अभियान अत्यन्त उल्लेखनीय रह्यो। प्रक्षेपणका बेला एसएलएस रकेटले यानलाई पृथ्वीको आकर्षणबाट मुक्त हुन आवश्यक तीव्र गति प्रदान गरेको थियो। यात्राका क्रममा यसको गति परिस्थितिअनुसार बदलिँदै गयो- कहिले बढ्यो, कहिले घट्यो। पृथ्वीमा फर्किने बेला पुनः प्रवेशअघि यसको अधिकतम् गति करिब २३ हजार ८६४ माइल प्रतिघण्टा पुगेको बताइएको छ। पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दा यो ध्वनिको गतिभन्दा करिब ३५ गुणा छिटो थियो। त्यसपछि ताप-प्रतिरोधी ढाल र प्यारासुट प्रणालीको सहायताले यसको गति क्रमशः घटाइयो र अन्ततः सुरक्षित अवतरण सम्भव भयो।

आर्टेमिस-२ चन्द्रमाको कक्षामा लामो समय बस्ने अभियान थिएन। यो चन्द्रमाको नजिक पुग्यो। त्यसको गुरुत्वाकर्षणको सहारा लियो र फेरि पृथ्वीतर्फ फर्कियो। चन्द्रमाको पछाडिपट्टि पुगेका बेला केही समय पृथ्वीसँग सम्पर्क टुटेको थियो किनकि चन्द्रमाले संकेत छेकेको थियो। त्यसपछि यानले पुनः पृथ्वी फर्किने बाटो समात्यो, र साना इञ्जिनहरू प्रयोग गरेर आफ्नो मार्गलाई आवश्यकताअनुसार मिलाउँदै आयो। यही सूक्ष्म नियन्त्रणले यानलाई पृथ्वीको वायुमण्डलमा सही कोणबाट प्रवेश गरायो।

यस अभियानको अन्तिम अवतरण स्थल जमिन होइन, समुद्र बन्यो। योजनाअनुसार ओरायन क्याप्सुलले पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गरेपछि



क्यालिफोर्नियाको स्यान डिएगो नजिक प्रशान्त महासागरमा सुरक्षित अवतरण गर्‍यो। अन्तरिक्षबाट पृथ्वीमा फर्किने क्रममा यानको बाहिरी भागमा अत्यन्त उच्च ताप उत्पन्न भएको थियो तर विशेष तापप्रतिरोधी ढालले अन्तरिक्षयात्रीहरूलाई त्यसबाट जोगायो। यो चरण अन्तरिक्ष विज्ञानको सबैभन्दा कठिन परीक्षा मानिन्छ र आर्टेमिस-२ ले यसलाई सफलतापूर्वक पार गर्‍यो।

ओरायन क्याप्सुलभित्र मानिस बाँच्न मिल्ने वातावरण बनाइराख्नु पनि यो मिसनको अर्को ठूलो सफलता रह्यो। अन्तरिक्षको कठोर शून्यतामा हावा, सामान्य दबाब र स्थिर तापक्रम हुँदैन। त्यसैले क्याप्सुलभित्र कृत्रिम रूपमा पृथ्वी- जस्तै वातावरण तयार गरिएको थियो। जीवन-समर्थन प्रणालीले तापक्रम, हावाको दाब, अक्सिजन, चिसोपन र कार्बन डाइअक्साइडको मात्रा सन्तुलनमा राख्यो। बढी भएको कार्बन डाइअक्साइड हटाइयो, हावा सफा राखियो र अन्तरिक्षयात्रीहरूले सुरक्षितरूपमा सास फेर्न सक्ने अवस्था निरन्तर कायम गरियो।

अन्तरिक्षयात्रीहरूको दैनिकी पनि अत्यन्त व्यवस्थित रह्यो। उनीहरूले दिनमा तीनपटक विशेष प्रकारको अन्तरिक्ष भोजन खाए, स्वास्थ्य परीक्षण गरे, उपकरण जाँचे, पृथ्वीसँग नियमित सम्पर्क राखे, चन्द्रमाको दृश्य अवलोकन गरे र आवश्यक परे अन्तरिक्षयान आफैंले चलाउने अभ्यास गरे। शून्य गुरुत्वाकर्षणमा सुत्न उनीहरूले आफूलाई विशेष सुत्ने झोलाभित्र बाँधेर विश्राम गरेका थिए। दिसा-पिसाबका लागि विशेष अन्तरिक्ष शौचालय प्रयोग गरिएको थियो। यसले देखायो कि लामो अन्तरिक्ष यात्राका लागि मानव जीवनलाई आवश्यक आधारभूत व्यवस्था अब धेरै परिपक्व भइसकेको छ।

यस अभियानको कूल यात्रा दूरी करिब छ लाख ९५ हजार माइल आसपास पुगेको अनुमान गरिएको छ। दूरीका हिसाबले यसले अपोलो युगको पुरानो सीमा पार गर्‍यो। अपोलो-१३ ले मानवसहितको उडानमा करिब दुई लाख ४८ हजार ६५५ माइल टाढासम्म पुगेर बनाएको कीर्तिमानलाई आर्टेमिस-२ ले उछिन्यो। यसले केवल अर्को अन्तरिक्ष यात्रा पूरा गरेको होइन, भविष्यमा अझ टाढा मानवलाई पठाउने क्षमता र आत्मविश्वास पनि प्रमाणित गरेको छ।

आर्टेमिस-२ को महत्त्व केवल एउटा सफल उडानमा सीमित छैन। यसले भविष्यमा चन्द्रमामा फेरि मानिस उतार्ने योजना, चन्द्रमाको वरिपरि आधार तयार गर्ने लक्ष्य र अझ पछि मंगल ग्रहसम्म मानव यात्रा गर्ने दीर्घकालीन सोचलाई बलियो आधार दिएको छ। त्यसैले आर्टेमिस-२ लाई सामान्य मिसन भनेर बुझ्न मिल्दैन। यो मानव जातिले गहिरो अन्तरिक्षतर्फ पुनः विश्वासका साथ अघि बढेको ऐतिहासिक संकेत बनेको छ। *रासस*

***(लेखक अमेरिकामा एआई वैज्ञानिकका रूपमा कार्यरत छन्)***

## श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन्। त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ। कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ। तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस्। नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन्। यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस्।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन्। तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस्। उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन्। खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ। मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ। कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ। रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस्।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ। यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने। घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने। नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस्।






✍ बैकुण्ठ भण्डारी

# पालो नयाँको

आजबाट नयाँ वर्ष २०८३ को शुभारम्भ भएको छ। नयाँ वर्ष लाग्दै गर्दा देशमा नयाँ अनुहार पनि आएको छ। नयाँ अनुहारसँगै नयाँ-नयाँ कुरा पनि आएका छन्। त्यसैले नयाँ वर्ष सबैका लागि शुभ होस्।

यो शुभको पहिलो साइतमै सुनपानी छर्कनुपर्ने छैन। किनकि अहिले सत्तामा पुगेका मन्त्रीहरूसँग बोकी नसक्नुको सुन छ। पहिले भए पनि देखाउँदैनथे। अहिले नभएपछि भविष्यमा हुने सम्भावित कमाईसमेतलाई देखाइदिए। पालो जो नयाँको छ।

नौ दिनमा नौलो २० दिनमा बिर्सो भन्ने नेपाली उखान देश हाँक्नेहरूमा लागू गर्दा ठीक होला। जनताको नाममा मन्त्री पदको शपथ खाएकै १३ दिनमा मन्त्रीको जागिर चेट हुन्छ, यो पनि नयाँ नै हो। सय दिनको हनिमुन न सनिमुन... विवाद आयो, पत्ता साफ।

कसैले भन्लान् भएको देखाउन नपाउने ? कसैले भन्लान् हिजोकाले पनि भाइछोरा राखेका थिए। अहिले श्रीमती राखे के बिगारे त झोले हो ! झोले न पुरानाका पनि थिए। नयाँका पनि छन्। झोला कसै न कसैको बोकेकै छन्। अरुलाई झोले भन्नेले आफूले के बोकेको छु भन्ने हेर्दा ठीकै हुन्थ्यो होला।

अरुको आङमा जुम्रा देख्नेले आफ्नो आङमा भैँसी कुदेको नदेख्ने यहाको चलन नै हो। जान्नेलाई छान्ने नीति भनेकै जस्तो कुरा पनि जान्नुपर्‍यो। नातावाद कृपावाद, नगदवाद, सुनवाद चाँदीवाद सबै जान्नुपर्‍यो। अनि त्यही जान्नेलाई नै छान्ने हो नि ! तेरीमा तोरीको फूल !

गर्न पनि कति सकेको ! कहिले सम्पत्ति देखाए भन्ने कहिले यत्रो किन देखाको भन्ने ? यसो गरे पनि सुख छैन उसो गरे पनि सुखो छैन ? बाले कमाको भए पनि छोराले कमाएको भए पनि, पैतृक सम्पत्ति भए पनि, ससुरालीले पठाएको दाइजो भए पनि, नभए पनि सम्पत्ति त देखाकै हो नि !

जसरी भए पनि देखाउने हो, देखाएको छ त ! ऊ बेला चुनाउताका नै जुम्लाकी नानीले भनेको बिर्सेऊ झोले हो ? सम्पत्ति नहुनेले किन राजनीति गर्नु ? राजनीति गर्न त सम्पत्ति चाहिन्छ। धन चाहिन्छ। धनसम्पत्ति नहुनेले राजनीति नगर्नु भनेर नानीले भनेको एकपटक सम्झ त ! हो त्यही भएर अहिले मन्त्री बन्दा भए भरको सबै देखाको।

धनी नेता भए पो खुस खाँदैनन्। घुस खाने धन सम्पत्ति नभएकाले नेता हो। त्यही भएर पनि चुनाउदेखि नै धन सम्पत्ति भएका मान्छे खोजी-खोजी रोजी-रोजी उठाको। अनि टिङरिङ ट्वाङ भन्दै जिताको !

गरिबलाई उठाएको घुस खान्थ्यो। घर जोड्थ्यो। धनीले त धन जोड्ने हो घुस खाने होइन। अब यी सयौं तोला सुन भएकाहरूले दुई-चार लाख घुस खाँदैनन्। किनकि, करोडौंको सुन नै छ। घरमै सुख खानी भएपछि किन घुस खानी !

घुस नखानी। सम्पत्ति जोड्ने चारवटा घरबाट ४० वटा घर बनाउने, दुई करोडको सेयरबाट २० करोडको सेयर बनाउने। चार रोपनी जग्गालाई ४०० रोपनी जग्गा बनाउने। नयाँ भनेकै नयाँ हो ! गर्ने भनेकै नयाँले हो। आधुनिक संसारमा प्रविधिको प्रयोग गर्ने हो प्रविधिबाट हान्ने हो गर्ने भनेकै नयाँले हो !

पोहोरताका आओ-आओ भनेर कराको होइन ? ३५ वर्षसम्म खाओ-खाओ भनेको होइन ? कति पुरानोलेमात्र खाने ? कति पुरानाको मात्र हेर्ने ? अब पालो नयाँको ! नयाँले देखाइदिए त। लौ हेर, के हामीलाई माग्ने सोच्या छौं ? अरुलाई पनि नेपोबेबीका कुरा गर्ने हो त। हामी त कहाँ नेपोबेबी हो र ? बाउले कमाइदिएको ! सन्तानका लागि सम्पत्ति जोडिदिएको ! घुस खाएकै छैन। घुस खाको भए यत्रो सम्पत्ति हुन्छ ?

कसैका बाउले सरकारीमा जागिर खाका। कसैका बाउले सरकारी नियुक्ति खाका। उनै पुरानाले नै ख्वाका ! अहिले पो नयाँ भनेको छ ? फेरि नयाँ भनेको के भनेर सोध्ने होला ? नयाँ भनेको सबै किसिमको नयाँ ! विदेशीसँग बिहे गरेको नयाँ। डिभोर्स गरेको नयाँ। छोराछोरी उतै छाडेको नयाँ। काम नयाँ। दाम नयाँ। त्यस्तै परे भोलि भाग्नै परे पनि भाग्न तयार भएर बसेका नयाँ ?

पुराना त खालि कमिसन खाका छन्। बैंक र सहकारीमा पैसा लुकाका छन्। छोराछोरी विदेशमा पठाका छन्। त्यस्तो पनि हुन्छ ? हामी त नयाँ उतै स्वास्नी छोराछोरी पहिले नै राखेर आका छौं। यो पो हो त तरिका !

खाए ए खाऊ, नखाए नखाऊ। हिजो पो तिम्रा लागि हो त अब त आफ्ना लागि। 'आफू भलो त जगतै भलो' भन्ने त्यसै भनेको छ ? हामी भलो गर्ने छौं। पहिले आफ्नो भलो। त्यसपछि आफन्तको भलो त्यसपछि समाजको भलो। भए भलो नभए चलो ! यो हो नि नयाँको पालो।

नुन देखाएर सुन लुकाको पनि होइन। भएको पनि देखाएको होइन। भविष्यमा हुन सक्ने पो देखाएको त ! विचरा बाले कति सारो मिहेनत गरेर कमाको पो हो त ! नत्र २८ वर्षमा २८ करोड हुन्छ ? बाले आफ्नो छोराछोरीको भविष्यलाई बुझेर सम्पत्ति जोडिदिएको। अनि बेलैमा नामसारी गरिदिएको, अनि पो देखाको त !

ती झोलेजस्तो अरुकै नाममा राखेको भए पनि रिसाउनु। बाको सम्पत्ति खोजे कि हजुरबाको ? आफ्ना जे छन् त्यही देखाको। 'झूठ बोले कौवा काटे' भनेको त छैन। स्पष्ट, पारदर्शिता, सुन, सेयर, सम्पत्ति। तीन 'स' विशेष पारदर्शिता। त्यही भएर पो भनेको। अब पालो नयाँको !

नयाँ वर्षको सबैलाई शुभकामना तीन 'स' सहित सुनपानीको !

# बिस्केट जात्राको जीवन्तता



■ रमेश गिरी

**भक्तपुर–** भक्तपुर जात्रामय बनेको छ। नयाँ वर्षको संघारमा भक्तपुरमा नौ दिन आठ रातसम्म मनाइने बिस्केट जात्राले यतिखेर स्वदेशी तथा विदेशी पर्यटकलाई समेत आकर्षित बनाएको छ। यहाँका नेवार समुदायले महत्त्वपूर्ण पर्वका रूपमा बिस्का: अर्थात् बिस्केट जात्रा मनाउने गर्दछन्।

स्वदेशका परिवार आफन्तमात्रै नभई विदेशमा रहेका आफन्त र परिवार पनि बिस्केट जात्राका लागि घर फर्कने गर्दछन्। भक्तपुर जिल्लाभरि नै हर्षोल्लासका साथ मनाइने यो जात्रा ऐतिहासिक पक्ष मात्रै नभई पूर्णरूपमा तान्त्रिक एवं धार्मिक विधिअनुरूप मनाउने गरिन्छ।

## के हो बिस्का: जात्रा ?

बिस्का: जात्राका ऐतिहासिक पक्षका सम्बन्धमा थिमिमा प्राप्त नेपाल संवत् ५०० को तमसुकपत्रमा विश्व केतुलाई सम्झाउने पर्यायका रूपमा बिसिक शब्द उल्लेख भएको पाइएको संस्कृतिविद् एवं इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन्। भक्तपुर टौमढीस्थित यक्ष मल्लको पालाको शिलालेखमा यसलाई विश्व जात्रा भनी उल्लेख गरिएको छ। भक्तपुरको राजदरबारमा नेपाल संवत् ८०८ र ८१८ को राजा जीतामित्र र भूपतिन्द्र मल्लको पालामा लेखिएको अभिलेखमा विस्क्यात शब्द उल्लेख रहेको उनको भनाइ छ।

परापूर्वकालमा यो जात्रा दुई दिनमात्र मनाइन्थ्यो। बिस्का जात्राको मूल जात्रा भनेकै चैत्र शुक्ल मसान्तको दिन विश्वकेतुसहित योसीङ द्यः(लिंगो) उठाई त्यसमा एक जोडा ध्वजा फहराउनु अनि वैशाख सक्रान्तिको दिन उक्त योसीङ ढाल्नु हो। यक्ष मल्लको टौमढीको ने.सं. ५६१ को शिलापत्रमा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर सहरमा वर्षभरि मनाउने विभिन्न जात्रा चाडपर्व संस्कृतिको उल्लेख गर्ने क्रममा यसलाई 'विश्वजात्रा' को रूपमा उल्लेख गरिएको छ।

त्यस्तै ने.सं. ६४१ को भूमिसम्बन्धी तमसुक ताडपत्रमा 'विसक जात्रा' उल्लेख छ। ने.सं. ७१२ देखि जात्रा सम्बन्धमा टिपिएको ने.सं. ९१८ मा लेखिएको ठ्यासफुमासमेत ठाउँठाउँमा विश्वजात्रा नै भनिएको पाइन्छ। यता ने.सं. ८०८ को राजा जितामित्र मल्लको अभिलेखमा 'विसक्यात' उल्लेख छ। त्यस्तै भक्तपुरका अर्का राजा भूपतिन्द्र मल्लको मालती चोकको अभिलेखमा पनि 'विसक्यात' रहेको छ।

किँरातीहरूलाई पराजित गर्न सफल भएपछि लिच्छवीहरूले यो जात्रा मनाएको भनाइ छ। लिच्छवी वंशको लामो इतिहासमा प्राचीन भक्तपुर नगरको पतनपछि मध्यकालमा लिच्छवी राजा आनन्द देवले स्थापना गरेको भक्तपुर विशाल नेपाल मण्डलकै राजधानी थियो, जुन यक्ष मल्लसम्म निरन्तर रह्यो। यस अवधिको करिब ३६७ वर्षजति भक्तपुर नेपाल मण्डलकै राजधानी रहेको थियो।

त्यतिबेला भक्तपुर नगरको वरपर प्रशस्त जंगलहरू रहेको हुँदा सबैतिरबाट जात्रा हेर्न सकियोस् भनेर ठूलो र अग्लो काठको लिंगो उठाउने गरियो। यसमा पछि एक जोडा ध्वजा थपियो। यसरी दुई दिनमात्र चल्ने जात्रामा काशी विश्वनाथ र भद्रकालीकोसमेत जात्रा गर्ने प्रचलन मल्लकालको मध्यतिर सुरु भएको भनाइ छ। भक्तपुरका राजा राय मल्लको समयमा भक्तपुर अधिनस्थ कयौं राज्य स्वतन्त्र हुँदै भक्तपुरको भू-भाग सानो हुँदै गएकोलाई उनका छोरा भुवन मल्लले आफ्नो अधिकार भएको टोखा, सुनाकोठी, थिमि, नगदेश, बोडे, साँगा, श्रीखण्डपुर चौकोट जस्ता ठाउँहरूमासमेत विस्का: मनाउने चलन चलाएको बताइन्छ।

भक्तपुरको विस्का: जात्रालाई भैरव र भद्रकालीको रथ बनाई जात्रा चलाउनेदेखि अन्य देवदेवीहरूकोसमेत जात्रा पूजा पर्व गर्ने परम्परा बसाउनमा भक्तपुरका विश्व मल्ल, गंगारानी, जर्गज्योति मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्लको योगदान रहेको बताइन्छ।

अहिलेसम्म तलेजुमा बिस्का: जात्राको संकल्प पूजामा विश्वजात्रा महापर्व भनेर सम्बोधन गरिने बताउँदै उनले संस्कृत शब्द विश्व केतु पछिल्लो कालखण्डमा नेवारी नामाकरणअनुसार विसिक, बिस्कहुँदै बिस्का हुन पुगेको बताउँछन्। त्यसैको बिस्काबाट अपभ्रंस भएर बिस्केट हुन पुगेको हो। नेवारीमा अहिले पनि यो जात्रालाई बिस्का: जात्रा भन्ने गरिन्छ। विक्रम सम्वत्अनुसार सौरमासको आधारमा चल्ने बिस्केट जात्रा बि: सीत (नागनागिन मऱ्यो) भन्ने भावका आधारमा लिच्छवीकालदेखि मनाउँदै आएको हो भन्ने पनि भनाइ छ।

## जात्रा कहिलेबाट सुरू हुन्छ ?

विश्वमा नेपालको संस्कृतिलाई चिनाउने महत्त्वपूर्ण जात्रामध्ये एक मानिने बिस्केट जात्राको पहिलो दिन चैत २७ गते बिहान स्थानीय बासिन्दा, मध्याह्नमा गुठी संस्थाबाट सरकारी पूजा र त्यसपछि टोलको पूजा सकेपछि गरेपछि स्थानीय काठैकाठले प्यागोडा शैलीमा निर्माण गरिएको तीन तल्ले भैरवनाथको रथमा खड्ग, तरबार, निशान राखिसकेपछि भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई भैरवनाथ र भद्रकालीको रथ तानेर सुरु भएको छ।

पाँचतले मन्दिर प्रांगणबाट भैरवको रथलाई ठने (माथिल्लो) र क्वने (तल्लो) क्षेत्रमा तानेर लैजाने परम्परा रहेको छ। यसरी तानातान गर्ने क्रममा थनेतर्फ पहिला तानेर लानसके दत्तात्रयसम्म लैजाने र त्यहाँबाट तानेर पुन: टौमढीहुँदै क्वनेतर्फको टेखापुखुसम्म ल्याएर त्यहाँबाट पनि फर्काएर ग:हिटीमा रथ पुऱ्याएपछि पहिलो दिनको जात्रा सम्पन्न हुने गर्दछ।

यस जात्रासँगै भक्तपुर नौ दिन आठ रात जात्राको रौनकमा झुम्ने छ। भैरवनाथको रथ तान्न सुरु भएपछि तौमढीबाट माथि र तलका बासिन्दाले तानेर भैरवनाथको रथ ग:हिटीमा पुऱ्याएपछि पहिलो दिनको जात्रा सम्पन्न गरिन्छ। जात्राको मुख्य आकर्षण पहिलो दिन २७ गते र अन्तिम दिन ५ गते रथ तानातान गर्नु हो भने ३० गते ल्यासिङ्खेलमा ५५ हात लामो लिंगो उठाउने र वैशाख १ गते दिनभर जात्रा गरेर साँझ लिंगो ढालेर मनाउने मुख्य जात्रा हो।

## यस्तो छ जात्राको किंवदन्ती

जात्राको बारेमा फरक-फरक किम्वदन्ती रहेको छ। पहिलो किंवदन्तीअनुसार प्राचीन भक्तपुर राज्यको दरबारकी राजकुमारीसँग विवाह गर्न बलवान् राजकुमारको खोजी गर्ने क्रममा विभिन्न राज्यबाट राजकुमारहरू आउने र पहिलो दिन राजकुमारीसँग रात बिताउने क्रममा राजकुमारीको नाकको प्वालबाट दुईवटा नागनागिन निस्केर राजकुमारलाई डसेर मार्ने गर्दथे। धेरै राजकुमारको त्यसरी मृत्यु भएपछि एक तान्त्रिकले एक रात आफ्नो तन्त्र विद्याबाट राजकुमारीको नाकबाट निस्केको नागनागिनलाई तरबारले काटेर झुण्डयाएको खुसीयालीमा राजाले यो जात्रा मनाउन लगाएको विश्वास छ।

यसबारेमा इतिहासविद् प्रा.डा. श्रेष्ठ भने बिस्का जात्राको विश्वनाथ भैरव र भद्रकालीसँग सम्बन्धित रहेको दाबी गर्छन्। उनी भन्छन्, 'यो जात्रा विश्वनाथ भैरवकोमात्र नभई उनकै शक्ति भद्रकालीको पनि हो। विश्व भैरवनाथको प्रतीक लिंगोमा फहराइने एकजोडी हलिपत (ध्वजा) साक्षात भैरव र भद्रकालीको हो। यसलाई जबरजस्ती 'वि' को अर्थ सर्प र 'स्यात'को अर्थ मारियो भन्ने अर्थमा बिस्क, बिस्का, बिस्केत चल्दै आएको भम्र फैलाएर जात्राको धार्मिक तथा ऐतिहासिक पक्षलाई भ्रम फौलाउन खोजिएको छ।'

यो जात्राको विषयमा अहिलेसम्म चलेका प्रमाण, अभिलेखक र मल्लकालीन राजा जगत प्रकाश मल्लदेखि शाह वंशीय राजा त्रिभुवन, ज्ञानेन्द्र र तत्कालीन प्रधानमन्त्री गिरिजाले फेरेका हलिपतमा हेर्न हो भन्ने विश्व केतु, वीर ध्वजा लेखिएको छ। यस अर्थमा पनि विश्वनाथको ध्वजा विश्वध्वजा हो। वीर ध्वजा हो भन्ने कुरा स्पष्ट छ। यसमा वीर भनेर भैरवको वाहान वीर बेताललाई भनिएको हो। त्यस मानेमा पनि यो ध्वाजा विश्वध्वाजा र वीर ध्वाजा मान्न सकिन्छ। यो जात्रा किरातहरूसँगको युद्धमा विजयी भएपछि लिच्छवी राजाहरूले खुसीयालीमा दुई दिन मनाएको र पछि मल्ल राजाले यसलाई भैरव र भद्रकालीको जात्रा थप गरी आठ रात नौ दिन पुऱ्याएको बताइन्छ।

> परापूर्वकालमा यो जात्रा दुई दिनमात्र मनाइन्थ्यो । बिस्का जात्राको मूल जात्रा भनेकै चैत्र शुक्ल मसान्तको दिन विश्वकेतुसहित योसीङ द्यः(लिंगो) उठाई त्यसमा एक जोडा ध्वजा फहराउनु अनि वैशाख सक्रान्तिको दिन उक्त योसीङ ढाल्नु हो । यक्ष मल्लको टौमढीको ने.सं. ५६१ को शिलापत्रमा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर सहरमा वर्षभरि मनाउने विभिन्न जात्रा चाडपर्व संस्कृतिको उल्लेख गर्ने क्रममा यसलाई 'विश्वजात्रा' को रूपमा उल्लेख गरिएको छ ।

## जात्रामा के के हुन्छ ?

प्राचीनकालदेखि चल्दै आएको विस्का जात्रामा नकिंजु (खुसिङ) अजिमा भद्रकालीको द्य:ख: (रथ) जात्रा थप गरेपछि पनि पुन: काशी विश्वनाथ भैरवको जात्रा समावेश गरी बिस्का जात्रा सञ्चालन गर्दै भक्तपुरवासीले मोहनी नख: (पर्व) पछिको प्रमुख चाडपर्वका रूपमा मनाउँदै आएको पाइन्छ।

जात्राको पहिलो दिन भैरवनाथको रथ तान्नेर (क्वने) तल्लो क्षेत्र टौमढी, बुलुचा, घट्खा, नासमना, मुलाखु, वंशगोपाल, तेखापुखु र ठने (माथिल्लो क्षेत्र) क्वाछे, साकोठा, सुकुलढोका, गोल्मढी, इनाचो, दत्तात्रय स्थानसम्म रथ तानेर पुन: सोही स्थानमा फर्काइन्छ र भैरव र भद्रकालीको रथजात्रा गरी अन्त्यमा ग:हिटीमा रथ पुऱ्याई पहिलो दिनको जात्रा सम्पन्न हुने गर्दछ।

रथको अगाडि भागमा छ वटा र पछाडि चारवटा लामो लठारो (डोरी) समातेर दुवैतर्फका जात्रालुहरूले रथलाई 'होस्से..हैसे...हा..हा..' गर्दै आफ्नोतर्फ तानेर जात्रा मनाइन्छ। रथ तान्ने जात्रामा हजारौं स्थानीय बासिन्दाले रथको अगाडि पछाडि डोरी तानातान गरेर आ-आफ्नो टोलमा लैजान खोज्छन्। रथ तानातान गर्नु नै यस जात्राको मुख्य आर्कषक हो, बिस्केट जात्राको पहिलो दिनलाई द्यो क्वहाँ विजाइगु (देवता तल्ल आगमन हुने) भनिन्छ। त्यसदिन बेलुकी सम्पूर्ण देवगणहरू आ-आफ्ना देवगृहको आसनबाट तल विराजमान हुन्छन् वा गराइन्छन्। यसलाई स्थानीय न्हाषामा द्य:क्वहाँ बिज्याकेगु भन्ने गरिन्छन्।

दोस्रो दिन भद्रकाली रथलाई ग:हिटीस्थित खलाटोलमा अजिमा द्योछें (भद्रकाली देवघर) मा पुऱ्याइन्छ। तेस्रो दिन ग:हिटीमा भैरवनाथलाई बली चढाई गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ। उक्त बलिपूजाको मासु प्रसादका रूपमा लाकुलाछेबासीलाई बाँडिन्छ जसलाई स्थानीय भाषामा स्या:को त्या:को भनिन्छ।

बिस्केटको चौथो दिन पुरानो वर्षको अन्तिम दिन चैतको ३० गते बिहान तालाक्वस्थित कुमाले टोलमा हात नभएको लिंगो (ल्हामरु म्ह) उभ्याइन्छ भन्ने साँझपख: तान्त्रिक विधिपूर्वक दशकर्म विधान गरी ५५ हात लामो लिंगो उभ्याइन्छ। पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा लिंगो उभ्याउने गरिन्छ। भैरवनाथको प्रतीक मानिने लिंगोको शीर्ष भाग र हातहरू नौलो कपडाले बेरिएको हुन्छ। लिंगो कोखामा झुण्डयाइएका दुई ध्वजाहरूलाई वीरध्वजा, विश्वध्वजा आकाशभैरवका ध्वजासमेत भनिन्छ। एकजोडी ध्वजाहरू फुकाएपछि एउटा संवत्सर फेरिने हुनाले बीचमा फुकाएर हेर्न हुँदैन भन्ने धार्मिक मान्यता रहेको छ।

लिंगो उभ्याउन बाँधिएका आठवटा डोरीलाई अष्टमात्रिकाको प्रतीक मानिन्छ। लिंगो उभ्याउने क्रममा नवदुर्गा देवगण यहाँ उपस्थित हुन्छ र लिंगो उभ्याउने जात्रा सकिएपछि तलेजुमा दुमाजुको विशेष जात्रा र पूजा गर्ने चलन रहेको छ। बिस्केट जात्रा हेर्नाले शत्रुहरू नाश हुन्छन् भन्ने धार्मिक मान्यता रहेकाले त्यसैले यस जात्रालाई शत्रुहन्ता जात्रा पनि भनिन्छ। यस दिन भैरवनाथ र भद्रकालीको रथ पनि यसै स्थानमा पुऱ्याइन्छ। लिंगो उठ्नासाथ स्थानीय बाराही देवीको तिंप्वा जात्रा मनाइन्छ।

बिस्केटको पाँचौं दिन नयाँ वर्ष वैशाख १ गतेका दिन लिंगो ढालिन्छ। त्यसको लगत्तै खँला टोलमा (रथ जुधाउने टोलमा) भैरवनाथ र भद्रकालीको रथलाई एक आपसमा जुधाइने परम्परा रहेको छ। यसलाई स्थानीय भाषामा द्यो ल्वाकिगु भनिन्छ। साँझपख दुमाजु देवीको जात्रासमेत गरिन्छ। लिंगो उभ्याउने र ढाल्ने जात्रा नै बिस्केटको प्रमुख जात्रा हो। मल्ल राजाहरूले भैरवनाथ र भद्रकालीको रथ जात्रा समावेश गरी तान्त्रिक पूजा विधि-विधानसमेत थप गरी आठ रात नौ दिनसम्म जात्रा मनाउने प्रचलन थालिएको इतिहास तथा संस्कृतिविद्हरू बताउँछन्।

जात्राको छैटौं दिन नगरको मध्य भागमा महाकाली र महालक्ष्मीको खट् जुधाउने जात्रा, सातौं दिन ब्रम्हायणी र महेश्वरीको तिप्वाजात्राका साथ खट जुधाउने जात्रा हुन्छ। जात्राको आठौं दिन भक्तपुर नगरमा रहेका सम्पूर्ण देवीदेवताको सगुण पूजा जात्रा हुन्छ। यसलाई स्थानीय भाषामा द्यो स्वंगँ विइगु भनिन्छ।

बिस्केट जात्राको अन्तिम दिन वैशाख ५ गतेका दिन भैरवनाथ र भद्रकालीको रथ तानेर जात्रा समापन हुने गर्दछ। यस दिनलाई स्थानीय भाषामा द्यो (देवता) थाहा विज्याइगु अर्थात् देवतामाथि सवार हुने भनिन्छ। यस दिन बिस्केट जात्रा पहिलो दिनजस्तै भैरवनाथ र भद्रकालीको रथ तानेर सम्पन हुने गर्दछ। जात्रा अवधिमा भक्तपुर नगरभित्रका सम्पूर्ण अष्टमातृका देवीहरू, गणेश, भैरव, कुमारी आदि देवदेवीहरूको जात्राले नगर शोभायमान हुन्छ। *रासस*

## उठाइयो लिंगो, जिब्रो छेड्ने व्रत सुरू

भक्तपुरमा आठ रात नौ दिनसम्म चल्ने बिस्केट जात्राका अवसरमा सोमबार बिहान भक्तपुरको पोटरीस्क्वायरस्थित कुमाले टोलमा हात नभएको लिंगो उठाइएको छ। प्रत्येक वर्ष चैत मसान्तका दिन स्थानीय भक्तपुरको कुमालेटोलमा बिहानै उठाइने हात नभएको लिंगो सोमबार विधिपूर्वक पूजा गरी उठाइएको हो। बिस्केटजात्राको अवसरमा हरेक वर्ष चैत मसान्तको दिन उठाइएको हात नभएको लिंगो जात्राको अन्तिम दिन आगामी वैशाख ५ गते बिहान ढाल्ने गरिन्छ।

कुमालेटोलमा बिहान लिंगो उठाएपछि दिउँसो भैरव र भद्रकालीको पूजा गरी रथलाई भेलुखेल लगेर साँझ भेलुखेलमा हातसहितको नाग-नागिनीको प्रतीक रहेको तान्त्रिक विधिद्वारा तयार पारिएको इन्द्रध्वजासहितको ५५ हात लामो लिंगो उठाउने गरिन्छ। यसलाई विश्वप्रसिद्ध लिंगो जात्रा भन्ने गरिन्छ। यो लिंगो भने आगामी वैशाख १ गते दिनभर जात्रा गरेर साँझ विधिपूर्वक ढाल्ने गरिन्छ।

मध्यपुरथिमि-८ बोडेस्थित महालक्ष्मी मन्दिरअगाडि पनि सोमबार बिहान लिंगो उठाइएको छ। मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठको उपस्थितिमा जनप्रतिनिधिहरू समेतको सहभागितामा स्थानीयले महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाएका हुन्।

तान्त्रिक विधि पूरा गरी बिहान स्थानीयले लिंगो उठाएपछि थिमि क्षेत्रको जात्रा एवं पर्वको विधिवत् रूपमा सुरु हुने, मठमन्दिरमा मेला लाग्ने र भोज सुरु हुने परम्परा रहेको स्थानीय दिलकृष्ण प्रजापतिले जानकारी दिए।

'महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाएर जिब्रो छेड्ने जात्राको साइत गरिएको छ। यस मन्दिर अगाडि लिंगो उठाएपछि जिब्रो छेड्ने जात्रा पनि सुरु भएको मानिन्छ', उनले भने। यहाँ आज नै कुमारीको रथ लहीटोलमा पुऱ्याइन्छ भने राति करिब ९:०० बजे नीलबारही जंगलबाट ल्याएको दाउरा बालेर पूजा गरेपछि जिब्रो छेड्ने २८ वर्षीय सुजन वांग श्रेष्ठले व्रत प्रारम्भ गरी वैशाख २ गते जिब्रो छेड्ने परम्परा छ।

आज व्रत सुरु भएपछि श्रेष्ठले केही खान नहुने, महिलासँग बोल्न, छुन नुहने, कुकुर, कुखुरा, बिरालोलगायतका पशुपक्षीलाई छुन नुहने परम्परा छ। मध्यपुरथिमिमा बिस्केट जात्राको अवसरमा सिन्दूर जात्रा विष्णुवीर जात्रा, रात्रिको चान्हेसिया जात्रा, सिद्धिकाली जात्रालगायतका जात्रा एवं पर्व स्थानीयले भव्यरूपमा मनाउने गरेका छन्।



# प्रभाव दैनिक





## 'पाँच पाण्डव' मा बलेको ठाउँमा भित्रिए सुशील

छायांकनरत फिल्म 'पाँच पाण्डव' मा कलाकार सुशील सिटौला भित्रिएका छन् । फिल्मको मुख्य भूमिकामा अभिनय रहने गरेर उनी भित्रिएका छन् । फिल्मको कथामा रहेका पाँच पाण्डवका पात्रमध्ये एक कलाकार सागर लम्साल 'बले' केही अगाडि बाहिरिएसँगै निर्माण युनिटले सिटौलालाई भित्र्याएको हो । फिल्ममा अब हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला 'पाँच पाण्डव' को रूपमा देखिनेछन् । फिल्ममा दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरी लगायतको पनि अभिनय रहनेछ ।




मंगलबार, १ वैशाख २०८३ (Tuesday, 14 April 2026)


अमिन राष्ट्रिय म्युजिक अवार्ड २०८२

# दीर्घ साधना सम्मान गायिका राणा र गायक तण्डुकारलाई



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल संगीत उद्योग संघद्वारा आयोजित 'अथक शान्त साधक विश्वनाथ केडिया' अमिन राष्ट्रिय म्युजिक अवार्ड २०८२' सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाल प्रमुख अतिथिका रूपमा उपस्थित थिए । विशिष्ट अतिथिहरूमा उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य, गोकुल मिल्कका सञ्चालक तथा अवार्डका टाइटल स्पोन्सर सुमित केडिया, नरेशलाल श्रेष्ठ, दिनेश डी.सी., विसु कुमार के.सी., भक्त हमाल, डा. सुबोध गुप्ता, हेमराज ढकाल, लिलेन्द्र प्रसाद प्रधान, पशुपति पाण्डे, कमला श्रेष्ठ, माधवराज खरेल, ज्योत्सना श्रेष्ठ, भरत आचार्य, रूपेशकुमार श्रेष्ठ, राज्यलक्ष्मी शाक्य, मिलन मोक्तान, बसन्त वित्यासी थापा, दुर्गा थापा, निर्णय श्रेष्ठ, रामकृष्ण श्रेष्ठ तथा गोपाल कार्कीलाई सम्मान गरिएको संघका महासचिव जित सागर रावतले जानकारी दिए ।

त्यसैगरी समारोहमा गायक दीपक लिम्बु, विनोद ढकाल, राधाकृष्ण सापकोटा, रक्षाबहादुर रैका मगर, सुवास जंग थापा मगर, तुलसी गिरी 'भावुक', तुलसी बाँस्कोटा, सुमन पण्डित 'वैरागी', ललित बहादुर थापा मगर, जमान सिंह अस्लामी मगरलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वरिष्ठ गायिका ज्ञानु राणा र वरिष्ठ गायक अमर तण्डुकारलाई 'राष्ट्रिय दीर्घ साधना सम्मान', वरिष्ठ कलाकार शिव श्रेष्ठलाई 'राष्ट्रिय कलाकारिता सम्मान', सागर ढकाल, राजेन्द्र संग्रौला र डा. सुबोध गुप्तालाई 'राष्ट्रिय युवा व्यवसायी सम्मान', मिलन भट्टराईलाई 'राष्ट्रिय व्यवसायी सम्मान' तथा वीर सिंह घलेलाई 'राष्ट्रिय समाजसेवी सम्मान' प्रदान गरिएको कार्यक्रम संयोजक जानकी थापा मगरले जानकारी दिइन् ।

कार्यक्रमका सभापति एंव नेपाल संगीत उद्योग संघका अध्यक्ष डा. सूर्यबहादुर मगरले अवार्डको पाँचौं संस्करणसम्म आइपुग्दा सबैको साथ र सहयोग निरन्तर रहेकोमा धन्यवाद व्यक्त गर्दै विजेताहरूलाई बधाई तथा सफलताको शुभकामना व्यक्त गरे ।

अवार्ड समारोहमा विभिन्न विधामा उत्कृष्ट पुरस्कार प्रदान गरिएको थियो ।

पब्लिक च्वाइस अवार्ड नारायण खतिवडाले 'दुःख देखाएर के काम काट' बाट जित्न सफल भए । साथै अनिल तुलाधरले 'ऐला ऐला' र निर्मल रञ्जितकारले सर्वोत्कृष्ट नेवारी संगीतकार तथा सर्वोत्कृष्ट नेवारी गीतको उपाधि हासिल गरेका थिए ।

# ३८० कलाकार रहेको 'साहु बा'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं**– वेभसिरिज 'साहु बा'को ट्रेलर सार्वजनिक भएको छ । म्युजिक नेपाल र फ्रेम इन मोसनको संयुक्त प्रस्तुतिमा तयार भएको यो सिरिजको निर्माण पक्षले आइतबार रिलिज गरेको ट्रेलरले दर्शकमाझ कौतुहलता र उत्साह जगाउने देखिन्छ ।

सार्वजनिक १ मिनेट ४४ सेकेन्ड लामो ट्रेलरले सिरिजको कथावस्तु 'क्राइम, एक्सन र रिभेन्ज' (बदला) मा केन्द्रित रहेको प्रष्ट पार्छ ।

यो सिरिजको मुख्य पात्र विजु पार्की रहेको ट्रेलरको सुरुवात र बीचमा देखाइएको सेतो कागजको जहाजले दर्शकमा कौतुहलता जगाउँछ । यो कुनै पात्रको बाल्यकालको स्मृति वा कसैलाई दिइने बदलाको संकेत हुन सक्छ । रगतले लतपतिएका हातमा त्यो जहाज हुनुले यो सिरिजमा भावनात्मक बदलाको पाटो बलियो छ भन्ने बुझिन्छ ।

ट्रेलरमा कडा एक्सन दृश्यहरू, प्रहरी अनुसन्धानको प्रक्रिया र पात्रहरूबीचको द्वन्द्वलाई उच्च गुणस्तरको सिनेमेटोग्राफीमा देखाइएको छ । विशेषगरी बदलाको आगोमा जलिरहेको एक युवकको संघर्ष र उसले सामना गर्नुपर्ने आपराधिक सञ्जाललाई ट्रेलरमा मुख्य स्थान दिइएको छ । आगो, हतियार र अस्पतालको दृश्यहरूले सिरिजमा सस्पेन्सको मात्रा भरपूर रहेको संकेत गर्दछ ।

नेपाली वेब सिरिजहरू प्राय संवादमा बढी केन्द्रित हुने गरेकोमा 'साहु बा' ले एक्सनलाई प्राथमिकता दिएको देखिन्छ । ट्रेलरमा देखाइएका सडकका दृश्यहरू, गुडिरहेको गाडीमाथिको स्टन्ट, र गोदामभित्रका 'कोरियोग्राफ्ड' लडाइँका दृश्यहरू निकै मेहनतका साथ खिचिएका छन् । आगोका झिल्काहरू र हतियारको प्रयोगले यसलाई हार्डकोर एक्सन सिरिज बनाएको छ ।

ट्रेलरको अन्त्यमा देखाइएको भव्य रातो कुर्सीले 'साहु बा'को सत्ता वा शक्तिको संघर्षलाई संकेत गर्छ । यो कुर्सीको मालिक को हो र त्यहाँ पुग्न कति रगत बग्छ भन्ने कुरा नै सिरिजको मुख्य क्लाइमेक्स हुन सक्छ ।

निर्देशक एवं लेखक सुजोय योङका अनुसार यो सिरिज कुनै सामान्य प्रोजेक्ट मात्र नभई नेपाली डिजिटल जगतकै एक महत्वाकांक्षी काम हो । यसमा ३८० भन्दा बढी कलाकारले अभिनय गरेका छन्, जुन नेपाली वेब सिरिजको इतिहासमा निकै ठूलो संख्या हो ।

२४ एपिसोडको यो सिरिजलाई पूर्ण रूप दिन निर्माण टोलीले करिब तीन वर्ष खर्चिएको छ ।

यस सिरिजमा प्रियंका कार्की, कविता नेपाली, विजु पार्की, सरिता गिरी, नम्रता श्रेष्ठ, अमित शाह, अमित गिरी, प्रियंका चौधरी, हिना नगरकोटी, बिमल पुरी, रमेश अधिकारी, प्रदीप बाँस्तोला, कृष्ण भक्त महाजन लगायतका नेपाली चलचित्र र रंगमञ्चका स्थापित कलाकारहरूको अभिनय रहेको छ ।

आयुषमान डी जोशी, संगम राई र अनिश तामाङ छायाकार रहेको यस सिरिजको रामप्रसाद चौधरी सम्पादक हुन् । सागर आले, मिस्टर डी र उजन शाक्यको गीत रहेको सिरिजमा पेमा लामा र राजु तामाङको द्वन्द्व निर्देशन रहेको छ ।

यो सिरिज आगामी १७ अप्रिल २०२६ (२०८३ वैशाख ४ गते) देखि औपचारिक रूपमा प्रसारण हुनेछ । दर्शकले साँझ ६ बजेदेखि मोमो एपमा सम्पूर्ण एपिसोडहरू हेर्न पाउनेछन् भने साप्ताहिक रूपमा म्युजिक नेपाल इन्टरटेनमेन्टको युट्युब च्यानलबाट सार्वजनिक गरिनेछ ।



# च्यालेन्ज ट्रफीका लागि नेपाली टोली घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं** – अर्को साताबाट रुवान्डामा आयोजना हुने आइसिसी महिला च्यालेन्ज ट्रफीका लागि नेपाली टोलीको घोषणा भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै बन्द प्रशिक्षणको दोस्रो चरणमा रहेका १८ बाट ४ खेलाडीलाई हटाएर १४ जनाको अन्तिम टोली घोषणा भएको हो ।

टोलीको कप्तानीको जिम्मेवारी इन्दु बर्मालाई र उपकप्तानको जिम्मा पूजा महतोलाई दिइएको छ । छनोटका लागि २९ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको थियो ।

क्यानले यस टोलीमा अनुभवी र युवा खेलाडीहरूको मिश्रणबाट अन्तिम टोलीको घोषणा गरेको हो ।

नेपाली टोली

बिन्दु रावल, सम्झना खड्का, पूजा महतो, इन्दु वर्मा( कप्तान), रूबी पोद्दार, रूबिना क्षेत्री, कविता जोशी, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, मनिषा उपाध्याय, रचना चौधरी

# 'सशस्त्र प्रहरी महानिरीक्षक कप'को ट्रफी मातातीर्थलाई

■ प्रभाव संवाददाता

**काठमाडौं** – 'सशस्त्र प्रहरी महानिरीक्षक कप-२०८२' को ट्रफी राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थले जितेको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा सोमबार सम्पन्न भएको प्रतियोगितामा आठ स्वर्ण, पाँच रजत र चार कास्य गरी कुल १७ पदकसहित मातातीर्थ प्रथम भएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौं सात स्वर्ण, आठ रजत र छ कास्य कास्यसहित द्वितीय र नं १ बराह बाहिनी मुख्यालय सुनसरी चार स्वर्ण, दुई रजतसहित तृतीय भएको छ ।

प्रतियोगिताको समापन समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रथम हुन सफल टोलीका तर्फ प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायब महानिरीक्षक पुरुषोत्तम थापालाई ट्रफी तथा नगद पुरस्कार प्रदान गरे ।




उनले सशस्त्र प्रहरी बल नेपालले आफ्नो मुख्य जिम्मेवारीका अतिरिक्त खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा निरन्तर योगदान दिँदै आएको बताउँदै यस्ता प्रतियोगिताले संगठनभित्र लुकेका प्रतिभाहरूलाई पहिचान गर्ने विश्वास व्यक्त गरे ।

नेपाल एपीएफ क्लबको आयोजनामा यही चैत २४ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान र सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय गरी नौ वटा टोलीको सहभागिता रहेको थियो । प्रतियोगितामा फुटबल, भलिबल र एथलेटिक्स विधाका खेलहरू समावेश गरिएका थिए ।

# राष्ट्रिय रग्बीमा एपिएफ र आर्मी च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रिय रग्बी सेभेन्स महिला तथा पुरुष च्याम्पियनसिप-२०२६ मा पुरुषतर्फ एपीएफ क्लब र महिलातर्फ त्रिभुवन आर्मी क्लब च्याम्पियन बनेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न फाइनल खेलमा महिलातर्फ आर्मीले एपीएफलाई २२-१२ ले पराजित गर्दै उपाधि जित्यो । पुरुषतर्फ एपीएफले आर्मीमाथि १०-५ को प्रतिस्पर्धात्मक जित निकाल्दै च्याम्पियन बन्न सफल भयो ।

यस्तै, तेस्रो स्थानका लागि भएको खेलमा पुरुषतर्फ गण्डकीले कर्णाली प्रदेशलाई १२-७ ले हरायो । महिलातर्फ बागमतीले कर्णाली प्रदेशलाई ५-० ले पराजित गर्दै तेस्रो स्थान हासिल गर्‍यो ।

व्यक्तिगततर्फ पुरुषमा एपीएफका रोहन ढंगोल उत्कृष्ट खेलाडी घोषित हुँदै ट्रफीसहित ५ हजार रूपैयाँ प्राप्त गरे । महिलातर्फ आर्मीकी कुमारी श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित हुँदै ५ हजार रूपैयाँ र ट्रफी हात पारिन् ।

सेमिफाइनलमा पुरुषतर्फ आर्मीले कोशी प्रदेशलाई ४१-५ को फराकिलो अन्तरले हराएको थियो भने एपीएफले गण्डकी प्रदेशलाई २४-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

महिलातर्फ एपीएफले बागमती प्रदेशलाई र आर्मीले कर्णाली प्रदेशलाई हराउँदै उपाधि भिडन्त तय गरेका थिए ।

प्रतियोगितामा विजेता टोलीले ५० हजार रूपैयाँ तथा उपविजेताले ३० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

नेपाल रग्बी संघको आयोजनामा दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा महिला र पुरुष गरी कुल १४ टोलीको सहभागिता रहेको थियो ।

समापन समारोहमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का निवर्तमान सदस्य सचिव तथा एसिया रग्बी संघका उपाध्यक्ष टंकलाल घिसिङलगायत व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।



उत्तरी चीनको तियानजिन नगरपालिकाको किलिहाई सिमसारमा प्रवासी चराहरू । *तस्बिर: सिन्हुवा*

# खाडी नाकाबन्दीले युद्ध थप चर्किने संकेत




**तेहरान–** अमेरिका र इरानबीचको तनाव नयाँ उचाइमा पुगेको छ । वार्ता असफल भएसँगै अमेरिकी सेनाले सोमबारदेखि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लागू गर्ने घोषणा गरेपछि क्षेत्रीय युद्ध थप चर्किने संकेत देखिएको छ, जसले विश्वव्यापी अर्थतन्त्र र ऊर्जा आपूर्तिमा गम्भीर असर पार्ने चिन्ता बढाएको छ ।

पाकिस्तानको इस्लामाबादमा भएको उच्चस्तरीय वार्ता निष्कर्षविहीन बनेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो आणविक कार्यक्रम त्याग्न अस्वीकार गरेको आरोप लगाए । उनका उपराष्ट्रपति जेडी भान्स वार्ताबाट बाहिरिएपछि ट्रम्पले रणनीतिक महत्त्वको होर्मुज जलडमरूमध्यसँग सम्बन्धित कडा कदम चाल्ने संकेत दिएका थिए ।

अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार सोमबार १४०० जिएमटीदेखि अरबको खाडी र ओमानको खाडी क्षेत्रका सबै इरानी बन्दरगाहहरूमा प्रवेश वा प्रस्थान गर्ने जहाजमाथि नाकाबन्दी लागू गरिने छ । यद्यपि, गैरइरानी बन्दरगाहतर्फ जाने जहाजहरूको आवागमनमा अवरोध नपारिने स्पष्ट पारिएको छ । ट्रम्पले आफ्नै सामाजिक सञ्जालमार्फत यो निर्णय पुष्टि गर्दै प्रारम्भिक भनाइभन्दा सीमित तर रणनीतिकरूपमा महत्त्वपूर्ण कदम भएको संकेत गरेका छन् ।

यसअघि ट्रम्पले जलडमरूमध्य पूर्ण रूपमा नियन्त्रणमा लिने कडा चेतावनी दिएका थिए । 'संयुक्त राज्य अमेरिकाको नौसेनाले होर्मुज हुँदै जाने सबै जहाजहरू रोक्ने प्रक्रिया सुरु गर्ने छ,' उनले लेखेका थिए । साथै उनले कुनै पनि आक्रमणको कडा जवाफ दिइने चेतावनीसमेत दिएका थिए ।

इरानले भने यस्तो कदमलाई चुनौती दिएको छ । रिभोलुसनरी गार्डस्ले होर्मुज क्षेत्रमा आफ्नो पूर्ण नियन्त्रण रहेको दाबी गर्दै अमेरिकी कदमलाई प्रतिकार गरिने चेतावनी दिएको छ । इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले आफ्नो देश कुनै दबाबमा नझुक्ने बताएका छन् भने नौसेना प्रमुख सहराम इरानीले अमेरिकी घोषणालाई 'हास्यास्पद' टिप्पणी गरेका छन् ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले वार्ता असफल हुनुमा अमेरिकी 'अधिकतम दबाब' नीति र अन्तिम समयमा अडान परिवर्तन जिम्मेवार रहेको बताएका छन् । उनका अनुसार सम्झौता 'इन्चको दूरीमा' पुगेको थियो तर नाकाबन्दीको घोषणा भएपछि सम्भावना समाप्त भएको छ ।

यो घटनाक्रमले फेब्रुअरी अन्त्यदेखि जारी युद्धलाई थप जटिल बनाएको छ । इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि सुरु भएको द्वन्द्वमा हजारौंको ज्यान गइसकेको छ भने विश्व अर्थतन्त्रसमेत प्रभावित भएको छ ।

पाकिस्तानले मध्यस्थताको प्रयास जारी राख्दै दुवै पक्षलाई युद्धविराम कायम राख्न आह्वान गरेको छ, तर समुद्री नाकाबन्दीले त्यो प्रयास कमजोर बनाउने विश्लेषण गरिएको छ ।

यसबीच, तेल बजारमा तत्काल प्रभाव देखिएको छ । गत साता घटेको मूल्य सोमबार पुनः बढ्दै डब्लुटिआई र ब्रेन्ट दुवैको मूल्य प्रतिब्यारेल १०० डलर आसपास पुगेको छ । खाडी क्षेत्रमार्फत विश्वको ठूलो भाग तेल आपूर्ति हुने भएकाले यस्तो अवरोधले दीर्घकालीन असर पार्ने अनुमान गरिएको छ ।

विशेषगरी मित्रराष्ट्रतर्फ जाने ढुवानीलाई प्राथमिकता दिँदै तेहरानले पहिले नै केही जहाजहरूको आवागमनमा नियन्त्रण राख्दै आएको छ । यसले होर्मुज जलडमरूमध्यलाई युद्धको केन्द्रबिन्दु बनाएको छ । विश्लेषकहरूले अमेरिकी नाकाबन्दीलाई केवल दबाबको संकेत नभई युद्धको पुनः तीव्रता बढाउने कदमका रूपमा व्याख्या गरेका छन् । *रासस/एएफपी*

# ओर्बन युगको अन्त्य, हंगेरीमा नयाँ मोड




**बुडापेस्ट–** हंगेरीमा १६ वर्षदेखि सत्तामा रहँदै आएका प्रधानमन्त्री भिक्टर ओर्बन अन्ततः पराजित भएका छन् । मतदाताहरूले अधिनायकवादी प्रवृत्ति र अतिदक्षिणपन्थी राजनीतिप्रति असन्तुष्टि जनाउँदै युरोप समर्थक नयाँ नेतृत्व रोजेपछि देशको राजनीतिक दिशा नै फेरिने संकेत देखिएको छ ।

ओर्बनका पूर्वसहयोगीसमेत रहेका पिटर मग्यारले भ्रष्टाचारविरुद्ध, सार्वजनिक सेवा सुधार र युरोपेली संघ (इयू) तथा नाटोसँग सम्बन्ध पुनर्स्थापनाको एजेण्डा अघि सार्दै ऐतिहासिक जित हासिल गरेका हुन् । प्रारम्भिक मतगणनामा उनको टिस्जा पार्टीले करिब ५३ प्रतिशत मत ल्याउँदा ओर्बनको फिडेज पार्टी ३७ प्रतिशतमा सीमित देखिएको छ । एक सय छ मध्ये ९४ निर्वाचन क्षेत्रमा अग्रता लिँदै मग्यार स्पष्ट विजेता बनेका छन् ।

पराजय स्वीकार गर्दै ओर्बनले परिणामलाई 'पीडादायी' भने र अब विपक्षबाट राष्ट्रको सेवा गर्ने बताए । उनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकट सहयोगीका रूपमा चिनिन्थे, जसका कारण हंगेरीको विदेश नीति पनि लामो समयदेखि विवादमा थियो ।

मग्यारको विजयले इयूभित्रको शक्ति सन्तुलनमा परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । ओर्बनमाथि विगतमा बारम्बार भिटो प्रयोग गरेर इयूका निर्णयहरू अवरुद्ध गर्दै आएको र रूससँग नजिकिँदै गएको आरोप लाग्दै आएको थियो । विशेषगरी युक्रेन युद्धका विषयमा उनको भूमिकाले युरोपेली नेताहरूलाई असहज बनाएको थियो ।

चुनावी परिणामपछि बुडापेस्टमा उत्साहपूर्ण वातावरण देखिएको छ । डेन्युब नदी किनारमा हजारौं समर्थकहरू भेला भई विजय उत्सव मनाउँदा सहरका सडकहरूमा नाराबाजी र हर्षोल्लास फैलिएको थियो । 'आज सत्यले झूटमाथि जित हासिल गरेको छ,' मग्यारले समर्थकहरूलाई सम्बोधन गर्दै भने, 'हामीले आफ्नो देशका लागि जिम्मेवारी बुझेका छौं ।'

करिब ८० प्रतिशत मतदान भएको यस निर्वाचनलाई हंगेरीको कम्युनिस्टपछिको इतिहासकै उच्च सहभागितामध्ये एक मानिएको छ । यसले जनताको परिवर्तनप्रतिको आकांक्षा स्पष्ट देखाएको विश्लेषकहरूको भनाइ छ ।

ओर्बनको शासनकालमा मिडिया स्वतन्त्रता, अल्पसंख्यक अधिकार र संस्थागत संरचनामाथि दबाब बढेको आरोप लाग्दै आएको थियो । साथै, सत्ता नजिकका व्यावसायिक समूहहरूलाई लाभ पुर्‍याइएको भन्ने आरोप पनि उनले अस्वीकार गर्दै आएको थियो ।

अब मग्यारको नेतृत्वमा हंगेरी पुनः युरोपतर्फ फर्किने वा पुरानै विभाजित राजनीतिक धार कायम रहने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ । उनले यसअघि नै यो चुनाव 'पूर्व वा पश्चिमबीचको छनोट' भएको बताएका थिए । *रासस/एपी*

# अस्ट्रेलियाली सेनामा पहिलो महिला प्रमुख



**सिड्नी–** अस्ट्रेलियाको १२५ वर्ष लामो सैनिक इतिहासमा पहिलोपटक एक महिलाले सेनाको नेतृत्व सम्हाल्ने भएकी छन् । सरकारले यसलाई 'गहिरो ऐतिहासिक क्षण' भन्दै औपचारिक घोषणा गरेसँगै देशको रक्षा संरचनामा नयाँ अध्याय सुरु भएको छ ।

रक्षामन्त्री रिचर्ड मार्लेसले लेफ्टिनेन्ट जनरल सुसान कोयललाई अस्ट्रेलियाली सेनाको प्रमुखमा नियुक्त गरिएको जानकारी दिए । करिब तीन दशक लामो सैनिक करिअर बनाएकी कोयलले सोलोमन टापु, अफगानिस्तान र मध्यपूर्वमा सेवा गर्दै व्यापक अनुभव हासिल गरेका छन् । उनको नियुक्तिले अस्ट्रेलियाको इतिहासमा कुनै पनि सैन्य सेवाको नेतृत्व गर्ने पहिलो महिलाको रूपमा नयाँ मापदण्ड स्थापित गरेको छ ।

मार्लेसका अनुसार यो नियुक्ति केवल व्यक्तिगत उपलब्धि नभई सम्पूर्ण संस्थागत परिवर्तनको प्रतीक हो । 'यो गहिरो ऐतिहासिक क्षण हो,' उनले भने, 'जसले भावी पुस्ताका लागि सम्भावनाको ढोका खोल्छ ।' उनले कोयलको भनाइ उद्धृत गर्दै 'तपाईंले नदेखेको कुरा बन्न सक्नुहुन्न' भन्ने सन्देशले यस नियुक्तिको महत्त्व झल्काउने बताए ।

अस्ट्रेलियाली सेना अहिले व्यापक रूपान्तरणको चरणमा छ । लामो दूरीका आक्रमण क्षमतादेखि ड्रोन प्रविधि र आधुनिक युद्ध प्रणालीसम्ममा केन्द्रित हुँदै सेनाले आफ्नो संरचना अद्यावधिक गरिरहेको छ । यस्तो परिवर्तनको नेतृत्व गर्न कोयलको अनुभव महत्त्वपूर्ण मानिएको छ ।

आफ्नो नियुक्तिपछि कोयलले आधुनिक युद्धका नयाँ आयामहरू, विशेषगरी साइबर युद्धजस्ता क्षेत्रमा आफूले काम गरेको अनुभव उपयोगी हुने विश्वास व्यक्त गरे । 'विविध अनुभवले मलाई यो जिम्मेवारी सम्हाल्न बलियो आधार दिएको छ,' उनले भने । यो नियुक्तिलाई लैंगिक समानता र समावेशी नेतृत्वतर्फको महत्त्वपूर्ण कदमका रूपमा पनि हेरिएको छ । अस्ट्रेलियाली सेनामा परम्परागत रूपमा पुरुष वर्चस्व रहँदै आएको अवस्थामा कोयलको उदयले संस्थागत संस्कृतिमा दीर्घकालीन प्रभाव पार्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# नाटोप्रति ट्रम्पको तीव्र असन्तुष्टि

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धका क्रममा नाटोबाट अपेक्षित सहयोग नपाएको भन्दै गठबन्धनप्रति गहिरो असन्तुष्टि व्यक्त गरेका छन् । उनले अमेरिकाले वर्षौंदेखि ठूलो आर्थिक र सुरक्षा भार बोकेको दाबी गर्दै अहिलेको व्यवहारले आफूलाई निराश बनाएको बताए ।

ट्रम्पका अनुसार अमेरिकाले युरोपलाई विशेषगरी रुसको खतराबाट जोगाउन खर्बौं डलर खर्च गर्दै आएको छ । तर संकटको घडीमा नाटो सदस्य देशहरूले साथ नदिएको उनको गुनासो छ । 'हामीले नाटोका लागि धेरै खर्च गर्‍यौं, तर उनीहरू हाम्रो लागि त्यहाँ थिएनन्,' उनले स्पष्ट पारे । अहिले खतरा कम भइसकेपछि सहयोग देखाउन खोज्नुको कुनै अर्थ नरहेको उनले बताए ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार नाटोप्रति ट्रम्पको असन्तुष्टि नयाँ भने होइन । राष्ट्रपति बन्नुअघि नै उनले गठबन्धनको संरचना र सदस्य राष्ट्रहरूको खर्चको असन्तुलनप्रति प्रश्न उठाउँदै आएको थियो । युरोपेली देशहरूले रक्षा क्षेत्रमा पर्याप्त लगानी नगरेको उनको धारणा रहँदै आएको छ । त्यस्तै, ग्रिनल्याण्डलाई अमेरिकामा गाभ्ने प्रस्तावजस्ता विवादास्पद अभिव्यक्तिहरूले पनि उनको दृष्टिकोण झल्काउने गरेको छ ।

ट्रम्पले नाटोको हालको भूमिकालाई 'कहिल्यै नमेटिने दाग' का रूपमा चित्रण गर्दै गठबन्धनलाई 'कागजी बाघ' समेत भने । यसै सन्दर्भमा जर्मनीका चान्सलर फ्रेडरिक मर्जले हालको द्वन्द्वलाई 'ट्रान्स-अटलान्टिक सम्बन्धको परीक्षा'का रूपमा व्याख्या गरेको बताइएको छ ।

यद्यपि, विश्लेषकहरूका अनुसार ट्रम्पले चाहेरमात्र अमेरिकालाई नाटोबाट बाहिर निकाल्न सक्ने अवस्था छैन । त्यसका लागि अमेरिकी सिनेटमा दुईतिहाइ बहुमत वा कंग्रेसको औपचारिक कानुनी निर्णय आवश्यक पर्छ । साथै, अमेरिकी राजनीतिका दुवै प्रमुख दलमा नाटोप्रति अझै व्यापक समर्थन कायम रहेकाले यस्तो कदम तत्काल सम्भावित देखिँदैन ।

तर पनि ट्रम्पसँग केही रणनीतिक विकल्पहरू भने रहेका छन् । नाटो सन्धिको धारा ५ ले सामूहिक सुरक्षा सुनिश्चित गरे पनि प्रत्येक सदस्यले स्वतः सैन्य हस्तक्षेप गर्नैपर्छ भन्ने बाध्यता छैन । यस्तो अवस्थामा अमेरिकाले सहयोग सीमित गर्न सक्ने सम्भावना रहन्छ । साथै, युरोपभरि तैनाथ करिब ८४ हजार अमेरिकी सैनिक फिर्ता बोलाउने विकल्प पनि खुला छ ।

वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार ट्रम्प प्रशासनले इरानसँगको युद्धका क्रममा असहज ठानिएका देशहरूबाट अमेरिकी सैन्य आधारहरू सार्ने विषयमासमेत विचार गरिरहेको छ । यसले ट्रान्स-अटलान्टिक सम्बन्धमा थप तनाव सिर्जना गर्ने संकेत देखिएको छ । *रासस/एएनआई*

# इरानलाई हतियार दिएको आरोपमा चीनको आक्रामक प्रतिक्रिया

**बेइजिङ–** इरानलाई हतियार आपूर्ति गरेको आरोपलाई चीनले ठाडै अस्वीकार गर्दै त्यसलाई 'आधारहीन र दुर्भावनापूर्ण' भनेको छ । अमेरिकी चेतावनी र अन्तर्राष्ट्रिय मिडियामा आएका रिपोर्टबीच बेइजिङले आफू जिम्मेवार निर्यात नीति पालना गर्ने मुलुक भएको पुनः दोहोर्‍याएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनले इरानलाई सैन्य सहायता उपलब्ध गराएमा ५० प्रतिशतसम्मको नयाँ कर लगाउने चेतावनी दिएका थिए । उनको यो अभिव्यक्ति अमेरिकी सञ्चारमाध्यमहरूले चीनले निकट भविष्यमा इरानलाई हवाई रक्षा प्रणाली उपलब्ध गराउने तयारी गरेको दाबी गरेका बेला आएको हो ।

सिएनएनले अमेरिकी गुप्तचर स्रोतहरू उद्धृत गर्दै चीनले आगामी केही साताभित्र इरानतर्फ उन्नत रक्षा प्रणाली पठाउन सक्ने संकेत गरेको जनाएको थियो । यसैबीच, द न्युयोर्क टाइम्सले पनि बेइजिङले काँधमा बोकेर प्रहार गर्न सकिने मिसाइलहरू पठाइसकेको हुन सक्ने आशंका सार्वजनिक गरेको थियो ।

यी सबै आरोपहरूको जवाफ दिँदै चीनले सोमबार आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको हो । विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित पत्रकार सम्मेलनमा चीनले सैन्य सामग्रीको निर्यातमा सधैं कडा नियन्त्रण र जिम्मेवारीपूर्ण नीति अपनाउने बताए । 'हामी आधारहीन धब्बा र दुर्भावनापूर्ण आरोपहरूको कडा विरोध गर्छौं,' उनले भने ।

चीनले आफ्नो निर्यात नियन्त्रण कानुन र अन्तर्राष्ट्रिय दायित्वअनुसार हतियार आपूर्तिमा कडाइ गर्ने नीति कायम रहेको स्पष्ट पारेको छ । यसले आफू कुनै पनि प्रकारको गैरजिम्मेवार सैन्य हस्तक्षेपमा संलग्न नभएको संकेत दिन खोजेको देखिन्छ ।

यद्यपि चीन र इरानबीच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ । चीन इरानको प्रमुख तेल खरिदकर्ता हो, जसले तेहरानको ऊर्जा निर्यातमा महत्त्वपूर्ण भूमिका खेलेको छ । तर विश्लेषकहरूका अनुसार यी दुई देशबीच औपचारिक सैन्य गठबन्धन भने छैन, र उनीहरूको सम्बन्ध मुख्यतः आर्थिक तथा रणनीतिक स्वार्थमा आधारित रहेको मानिन्छ ।

साथै, चीनले खाडी क्षेत्रका अन्य देशहरूसँग पनि सुदृढ आर्थिक सम्बन्ध कायम राख्दै आएको छ । इरानले युद्धका क्रममा ती देशहरूमाथि गरेको आक्रमणप्रति चीनले आलोचना समेत गर्दै आएको छ, जसले बेइजिङ सन्तुलित कूटनीति अपनाउन खोजिरहेको संकेत गर्छ । *रासस/एएफपी*

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९६७०० | प्रति तोला – ० | प्रति तोला – ४९००



दाङको घोराहीमा गोलभेडा खेती गरिँदै । घोराही उपमहानगरपालिका–२ स्थित निमुरियाका हरि जिसीले व्यावसायिक खेतीका लागि जग्गा भाडामा लिएर खेती गर्दै आएका छन् । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# तेस्रो त्रैमासमा घरजग्गा कारोबार उच्च

■ प्रभाव संवाददाता


**काठमाडौं** – नेपाल राष्ट्र बैंकले रियलस्टेट (घरजग्गा) कारोबारको वर्तमान अवस्था तथा प्रवृत्तिसम्बन्धी विस्तृत तथ्यांक सार्वजनिक गरेको छ । बैंकले आर्थिक वर्ष २०७९/८० लाई आधार वर्ष मानेर सोमबार तथ्यांक प्रकाशन गरेको जनाएको छ ।

बैंकका अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभाग, आन्तरिक राजस्व विभाग र आफ्नै स्रोतबाट संकलित तथ्यांकका आधारमा घरजग्गा कारोबारसम्बन्धी विवरण अब त्रैमासिक रूपमा सार्वजनिक गरिनेछ ।

राष्ट्र बैंकले लिखत पारितअन्तर्गत राजीनामा कारोबारका आधारमा प्रवृत्तिको विश्लेषण गरेको छ । कारोबार सङ्ख्या, कारोबार मूल्य, कारोबार भएको क्षेत्रफल, राजस्व संकलन तथा घरजग्गा क्षेत्रमा प्रवाहित बैंक कर्जाजस्ता सूचकहरूलाई आधार मानेर विश्लेषण गरिएको बैंकले जनाएको छ ।

तथ्यांकअनुसार घरजग्गा कारोबारमा मौसमी प्रवृत्ति देखिएको छ । पहिलो त्रैमासमा कारोबार न्यून रहने र तेस्रो तथा चौथो त्रैमासमा उच्च हुने प्रवृत्ति देखिएको छ ।

प्रदेशगत रूपमा हेर्दा कारोबार संख्याका आधारमा मधेस प्रदेश अग्रस्थानमा रहेको छ भने




त्यसपछि लुम्बिनी र कोशी प्रदेश रहेका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने कारोबार सबैभन्दा कम देखिएको छ । कारोबार भएको जग्गाको क्षेत्रफलका आधारमा पनि मधेस प्रदेशकै हिस्सा सबैभन्दा बढी रहेको छ ।

जग्गाको प्लट साइजका आधारमा मधेस प्रदेशबाहेक अन्य प्रदेशहरूमा दुई दशमलव पाँचदेखि १० आना क्षेत्रफलका प्लटहरू बढी किनबेच हुने गरेको पाइएको छ । तर मधेस प्रदेशमा भने २० आनाभन्दा माथिका ठूला प्लटहरूमा बढी कारोबार हुने देखिएको छ । घोषित मूल्यका आधारमा बागमती प्रदेश अग्रस्थानमा रहेको छ भने महानगर तथा उपमहानगरपालिकामा पाँचदेखि १० आना क्षेत्रफलका प्लटहरू बढी कारोबार भएको देखिएको छ ।

बैंकका अनुसार आव २०७७/७८ देखि २०८१/८२ सम्म घरजग्गा कर्जा ७२.४१ प्रतिशतले वृद्धि भएको छ भने आवासीय कर्जा ६१.५५ प्रतिशतले बढेको छ । घरजग्गा क्षेत्रबाट प्राप्त सरकारी राजस्वमा पनि उतारचढाव देखिएको छ । आव २०७८/७९ को पहिलो त्रैमासमा करिब २३ अर्ब ७० करोड रूपैयाँ पुगेको राजस्व त्यसपछि घट्दै २०७९/८० को पहिलो त्रैमासमा आठ अर्ब २० करोड रूपैयाँमा झरेको थियो । पछिल्लो अवधिमा भने सुधार हुँदै २०८१/८२ मा करिब १५ अर्ब रूपैयाँसम्म पुगेको छ ।

राष्ट्र बैंकले यस्तो तथ्यांक प्रकाशनबाट रियलस्टेट क्षेत्रको गतिविधि आँकलन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ । साथै, उक्त तथ्यांकका आधारमा घरजग्गा मूल्य सूचकांक निर्माण तथा प्रकाशन गर्ने दोस्रो चरणको तयारीसमेत भइरहेको जनाएको छ ।

# कालीगण्डकी जलविद्युत् आयोजना ६४० मेगावाटको हुने

■ प्रभाव संवाददाता

**काठमाडौं**– कालीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना ६४० मेगावाट क्षमताको निर्माण हुने भएको छ । सुरुमा ८४४ मेगावाट क्षमताको हुने भनिएको यो आयोजना हाल अध्ययनका क्रममा ६४० मेगावाट क्षमता कायम गर्दा उपयुक्त हुनेगरी निर्धारण गरिएको हो ।

हाल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी भइरहेको छ । प्रस्तावित आयोजनाको बाँध सेती नदी र कालीगण्डकी नदीको दोभानबाट करिब १० किलोमिटरमाथि उर्लेनी खड्कोट कालीगण्डकी गाउँपालिका-६ गुल्मी र बिहादी गाउँपालिका-२ बर्राचौर पर्वत क्षेत्रमा पर्नेछ । आयोजनामा कुल २४४ मिटर अग्लो बाँध निर्माण हुने जनाइएको छ ।

बाँधमा पानी जम्मा हुँदा करिब २९ किलोमिटर लामो खनियाघाटसम्म ताल बन्नेछ । यस आयोजनाको नेट हेड १८३ दशमलव चार मिटर छ । डिस्चार्ज ४०५ घनमिटर प्रतिसेकेण्ड र कुल वार्षिक ऊर्जा उत्पादन एक हजार ६४५ दशमलव ६५ गिगावाट घण्टाबराबर हुने आयोजनाले जनाएको छ ।

यस आयोजनामा चारवटा स्टिल पेन स्टक, विद्युत्गृह चारवटा प्रान्सिस टर्बाइन प्रस्ताव गरिएको छ । आयोजनाको विद्युत्गृह बिहादी गाउँपालिका बर्राचौर पर्वतमा प्रस्ताव गरिएको छ । आयोजनाले पर्वतको जलजला गाउँपालिका, कुश्मा नगरपालिका, फलेवास नगरपालिका र बिहादी गाउँपालिकाका विभिन्न वडा प्रभावित हुनेछ ।

यस्तै बागलुङको बागलुङ नगरपालिका, जैमिनी नगरपालिकाका विभिन्न वडा प्रभावित हुनेछ । गुल्मीको कालीगण्डकी गाउँपालिका र स्याङ्जाको गल्याङ नगरपालिका प्रभावित हुनेछ । आयोजनाको सम्भाव्यता अध्ययन र वातावरणीय मूल्यांकन विद्युत् विकास विभाग र परामर्शदाता जेभी स्मेक इन्टरनेसनल तथा जेड कन्सल्टले गरिरहेको छ ।

प्रस्तावित आयोजना पृथ्वी राजमार्ग, पोखरा-बागलुङ सडकखण्ड, दोबिल्ला-फलेबास सडक कालीगण्डकी लोकमार्ग तथा कालीगण्डकी करिडोर हुँदै पुग्न सकिनेछ ।

# नेप्से सामान्य गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक ४.१८ अंकले घटेर दुई हजार ८३३.६० बिन्दुमा कायम भएको हो ।

३४२ कम्पनीको दुई करोड एक लाख ६३ हजार ७९३ कित्ता सेयर एक लाख एक हजार १८० पटक खरिदबिक्री हुँदा आठ अर्ब ६६ करोड ५५ लाख ६८ हजार ६४१ रूपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ ०.४७, विकास बैंक ०.५५, वित्त ०.२९, जीवन बीमा ०.४६, लघुवित्त ०.४२, व्यापार ०.२१ र अन्य समूह १.६२ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ ।

# पैठारी गरिने वस्तुमा एमआरपी अनिवार्य

**काठमाडौं (प्रस)**– वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पैठारी गरिने वस्तुहरूमा अधिकतम् खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने भएको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधिहरूबीच सोमबार भएको छलफलले उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनलाई थप पारदर्शी बनाउने उद्देश्यका साथ एमआरपी अनिवार्य गर्ने निर्णय गरेको छ । छलफलले अधिकतम् खुद्रा मूल्य अनिवार्य गर्ने, विदेशबाट पैठारी गरी नेपालमा बिक्रीवितरण गरिने सम्पूर्ण वस्तुहरूको पैठारीकर्ताले अनिवार्य रूपमा अधिकतम् खुद्रा मूल्य उल्लेख गर्नुपर्ने साथै वस्तु बिक्री गर्दा अनिवार्य बिलबिजक जारी गर्ने निर्णय गरेको हो ।

त्यसैगरी कार्यान्वयनका लागि समयसीमा, पैठारीकर्ताहरूले आफूले पैठारी गरेका वा मौज्दात रहेका वस्तुमा अनिवार्य रूपमा एमआरपी उल्लेख गरी कार्यान्वयनमा ल्याउन आजको मितिले १५ (पन्ध्र) दिनको पूर्वतयारी समय प्रदान गर्ने र उक्त अवधिपश्चात् बजार अनुगमनका क्रममा एमआरपी उल्लेख नभएका वस्तु फेलापरेमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने निर्णय भएको जनाइएको छ ।

## कर्पोरेट

### सानिमा बैंकद्वारा बससेवा क्यासब्याक अभियान पुनः सञ्चालन




**काठमाडौं (प्रस)**– सानिमा बैंकले डिजिटल कारोबार प्रवर्द्धनमा ग्राहकहरूबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा सफलतालाई मध्यनजर गर्दै बससेवा क्यासब्याक अभियान पुनः सञ्चालन गरेको छ ।

यस अभियान अन्तर्गत सानिमा बैंकका डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी बससेवा मार्फत बस टिकट खरिद गर्ने ग्राहकहरूले आकर्षक क्यासब्याक सुविधा प्राप्त गर्न सक्नेछन् । नेपालभित्र यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम रु २०० सम्म तथा भारत यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम रु ४०० सम्मको क्यासब्याक प्राप्त गर्न सकिनेछ ।

यो योजना २०८३ साल वैशाख १ गतेदेखि असोज ३१ गतेसम्म लागू हुनेछ । यस पहलमार्फत सानिमा बैंकले डिजिटल भुक्तानी प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्दै ग्राहकहरूलाई यथोचित सुविधा प्रदान गर्ने आफ्नो प्रतिबद्धता पुनः दोहोर्याएको छ । बैंकले नगदरहित अर्थतन्त्र निर्माणमा योगदान पुर्याउन विभिन्न क्यासब्याक योजना तथा छुटहरू उपलब्ध गराउँदै आएको छ ।

बससेवा अभियानका अतिरिक्त, सानिमा बैंकका डेबिट र क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताहरूले विभिन्न अस्पताल, होटल, रेस्टुरेन्ट तथा अन्य व्यापारिक प्रतिष्ठानहरूमा आकर्षक छुटहरू प्राप्त गर्न सक्नेछन् विस्तृत विवरण बैंकको वेबसाइटमा उपलब्ध छ । सानिमा बैंकले हाल देशका सातै प्रदेशमा १३४ शाखा कार्यालय तथा १२७ एटीएममार्फत सेवा प्रदान गर्दै आएको छ ।

### ग्लोबल आइएमई बैंक र तिलगंगा आँखा प्रतिष्ठानबीच सहकार्य

**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबिच आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूमा मोतिबिन्दुको पहिचान गरी निःशुल्क शल्यक्रिया गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

बैंकको कर्पोरेट कार्यालय कमलादीमा आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. सन्दुक रुइतको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो । समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार, तिलगंगा आँखा प्रतिष्ठानले ग्लोबल आइएमई बैंकको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूको निःशुल्क रूपमा मोतिबिन्दुको पहिचान गरी शल्यक्रिया गर्ने छ ।

साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्रा/छात्रहरूको आँखा परिक्षण गरी आवश्यकता अनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिने समेत समझदारी भएको छ ।

हस्ताक्षर समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनाकालदेखि नै नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताएका छन् ।

उनले भने, 'हामीले यो सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई सातै प्रदेशमा समान रूपमा पुर्याउने प्रयास गरेका छौं, किनकि हाम्रो विश्वास छ– हामी जहाँ व्यापार गर्छौं, जहाँबाट नाफा कमाउँछौं, त्यहीँ समाजप्रति हाम्रो सबैभन्दा ठूलो दायित्व पनि रहन्छ ।'



उनले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुलुकका ७७ वटै जिल्लामा रहेका आफ्ना शाखा कार्यलयमार्फत शिक्षा, स्वास्थ्य, वातावरण, मानवीय सहायता, दिगो विकास लक्ष्य तथा बेलाबेलामा आइपर्ने विभिन्न दैविक प्रकोपहरूमा उद्दार तथा राहतमा विभिन्न कार्यक्रमहरू गर्दै आएको बताए ।

त्यसैगरी, तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. रुइतले नेपाली बैंकसँगको सहकार्यमा अवसर र चुनौति दुवै रहेको बताउँदै ग्लोबल आइएमई बैंकसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए । उनले आफूहरूले कुनै पनि कार्यक्रममा पारदर्शिता र चुस्त व्यवस्थापनमा जोड दिने गरेको पनि उल्लेख गरे ।

# कृषि विकास कार्यालयद्वारा ४५ करोड अनुदान

**नवलपुर (प्रस)**– कृषि विकास कार्यालयले करिब रु ४५ करोड अनुदान वितरण गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७७/७८ देखि आव २०८१/८२ सम्म रु ४४ करोड ७१ लाख ७३ हजार ८५१ अनुदान वितरण गरेको जनाएको छ ।

कार्यालयका कृषि प्रसार अधिकृत एवम् सूचना अधिकारी विश्वास काफ्लेका अनुसार पाँच वर्षको अवधिमा जिल्लाका ९१५ जना किसानलाई अनुदान वितरण गरिएको छ । कार्यालयले किसानलाई कार्यक्रमअनुसार न्यूनतम रु ८७० देखि रु पाँच करोड ५० हजारसम्म अनुदान वितरण गरेको तथ्यांक उनले बताए ।

हुप्सेकोट-१ को जुगेपानी तामाङ टोल कृषक समूहले बाली बिमाबापत रु पाँच करोड ५० हजार अनुदान प्राप्त गरेका काफ्लेको भनाइ छ ।

सूचना अधिकारी काफ्लेका अनुसार कार्यक्रमअनुसार एउटै किसानले धेरै शीर्षकमा अनुदान प्राप्त गरेका छन् । कार्यालयले व्यावसायिक तरकारी खेती, फलफूल बगैँचा व्यवस्थापन तथा विस्तार, साना किसान कृषि फार्म स्थापना तथा विस्तार, मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन, उन्नत कृषि प्रविधि प्रदर्शनी, बाँझो जग्गामा व्यावसायिक खेती प्रोत्साहन, खाद्यान्न बाली उत्पादन प्रवर्द्धन, साना सिँचाइ कार्यक्रम चैते धान प्रवर्द्धन, बेमौसमी तरकारी खेती प्रवर्द्धन, तेलहन बाली प्रवर्द्धन, विशेष बाली प्रवर्द्धन, कृषि यन्त्र उपकरण खरिदलगायत विभिन्न शीर्षकमा किसानलाई अनुदान उपलब्ध गराउँदै काफ्लेले जानकारी दिए ।

कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि प्रसार अधिकृत राजेश्वर सिलवालले कार्यालयबाट यस वर्ष लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम, आकस्मिक सेवा टेवा तथा राहत कार्यक्रम, बाली विशेष स्थलगत तालिम, खाद्यान्नबाली प्रवर्द्धन आयोजना, खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम, तरकारी बाली प्रवर्द्धन आयोजना, क्षेत्रफलको आधारमा तरकारी उत्पादन प्रवर्द्धन प्रोत्साहन कार्यक्रम सञ्चालनमा रहेको जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ